राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २५, माघ २ गते शुक्रबार, २०८२ (16 January, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# कांग्रेस सभापतिमा गगन निर्विरोध

## आयोगमा देउवा पक्षलाई रोक्न गगन–विश्व नेतृत्वको नयाँ कार्यसमितिको विशेष जोडबल

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** राजधानीको भृकुटीमण्डपमा जारी नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरको दोस्रो विशेष महाधिवेशनबाट उक्त पार्टीको सभापतिमा गगनकुमार थापा निर्विरोध चयन भएका छन् ।

यसअघि महामन्त्री रहेका थापा बिहीबार सभापतिमा निर्विरोध निर्वाचित भएको सो पार्टीको केन्द्रीय निर्वाचन समितिका संयोजक सीताराम केसीले घोषणा गरेका हुन् । 'सभापति पदमा गगन थापाको मात्रै उम्मेदवारी भएकाले उहाँ निर्विरोध निर्वाचित भएको घोषणा गर्दछु'- निर्वाचन परिणाम घोषणा गर्दै संयोजक केसीले भने ।



सभापति निर्वाचित भएपछि थापाले विशेष महाधिवेशनस्थल भृकुटीमण्डलमा उपस्थित नेता-कार्यकर्ता र शुभेच्छुकलाई सम्बोधन गर्दै आफूलाई जिम्मेवारी सुम्पने नेता तथा कार्यकर्ताको शिर निहुरिने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गरे । पार्टीका तमाम सदस्यलाई कांग्रेस भएकामा गौरव गर्ने पार्टी बनाउने उल्लेख गर्दै नवनिर्वाचित सभापति थापाले भने- 'जुन विश्वासका साथ सभापतिको जिम्मेवारी सुम्पनुभएको छ, तपाईंहरू कसैको पनि शिर निहुरिने अवस्था आउने दिनेछैन; नेपाली कांग्रेस पार्टीको शान राख्छु र यो पार्टीमा लाग्ने तमाम साथीहरूले नेपाली कांग्रेस भएकामा गौरव गर्ने बनाउँछु; नागरिकलाई 'अप्ठ्यारो अवस्थामा कांग्रेस छ' भन्ने गरी पार्टीले काम गर्नेछ ।'

नेपाली कांग्रेसको विशेष महाधिवेशन कांग्रेसको इतिहासमा मात्र नभई आधुनिक नेपालको इतिहासमा भुइँतहका कार्यकर्ताले गरेको सबैभन्दा ठूलो हस्तक्षेप भएको दावी गर्दै उनले भने- 'भुइँतहको कार्यकर्ता भनेको जनताको प्रतिनिधि हो, नागरिक हो र नागरिकले दलभित्र गरेको हस्तक्षेप हो ।' नेपाली कांग्रेस कुनै हालतमा नफुटेको दलिल गर्दै वैधानिक रूपमा विशेष

क्रमशः अन्तिम पृष्ठमा

# चुनावी मैदानमा राजनीतिक दलहरू : केहीले गरे बहिष्कारको घोषणा

**काठमाडौं ।** भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनपछि बदलिएको परिस्थितिबाट मुलुकलाई निकास दिन भन्दै फागुन २१ मा तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पुराना र स्थापितदेखि नवगठितसम्मका सवैजसो दलहरू आ-आफ्ना उम्मेदवार खडा गरेर चुनावी मैदानमा उत्रेका छन् । माओवादी धारका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाललगायत आधा दर्जन घटकहरूले भने चुनाव बहिष्कारको घोषणा गरेका छन् ।

नवयुवाहरूले शान्तिपूर्ण विरोधमार्फत मुलुकमा सुशासनका लागि दबाब सिर्जना गर्न थालेको प्रदर्शनलाई निहित स्वार्थ बोकेका कतिपय शक्तिकेन्द्र र दलहरूले 'हाइज्याक' गरी कसैले, कहीँकतै माग नै नगरेको राजनीतिक दिशातर्फ मुलुकलाई धकेलिदिएपछि मुलुकमा घटेको अकल्पनीय, भयावह र विध्वंशकारी परिस्थितिका बीच संविधानलाई ठाडै लत्याएर गठन गरिएको अन्तरिम सरकारमार्फत हुन गइरहेको निर्वाचनमा गम्भीर एवम् फौजदारी कसुरसहित ठगीलगायतका मुद्दा झेलिरहेका र जितिहाले पनि सपथग्रहण गरी संसदमा छिर्नै अयोग्य पात्रहरू समेत उम्मेदवार बनेर चुनावी मैदानमा उत्रिएका छन् ।

'भ्रष्टाचारमा शून्य सहनशीलता' र 'सुशासन' को चर्को नारा दिएका दलहरूले नै दोहोरो राहदानी, ठगी, भ्रष्टाचारदेखि सम्पत्ति शुद्धीकरण र कर्तव्य ज्यान मुद्दासम्ममा दोषी ठहर भइसकेका र दोषी ठहरिने पर्याप्त आधार र प्रमाण रहेकाहरूलाई प्रतिनिधिसभा निर्वाचनमा अदृश्य दबाव, प्रभाव र प्रचारका भरमा टिकट दिएर पठाए पनि जनताले कत्तिको विश्वास गर्लान्, त्यो भने हेर्न बाँकी नै छ । अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा नेकपाका सहसंयोजक माधवकुमार नेपालदेखि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलगायत चुनावी मैदानमा होमिएका छन् । उता, फौजदारी कसुरअन्तर्गत कर्तव्य ज्यान मुद्दामा तीन तहको अदालतबाट दोषी ठहर भएका रेशम चौधरीको पनि उम्मेदवारी परेको छ । विद्यमान कानुनले फौजदारी मुद्दा विचाराधीन रहेकालाई निर्वाचनमा उम्मेदवार बन्न नरोके तापनि त्यस्ता दागीले अदालतमा फौजदारी मुद्दा विचाराधीन रहेकै अवस्थामा सांसद हुन भने पाउने छैनन् ।

नागरिक उन्मुक्ति पार्टी नेपालको तर्फबाट कैलाली- १ मा उम्मेदवारी दर्ता गराएको रेशम चौधरी टीकापुर हत्याकाण्ड सर्वोच्च अदालतबाट जन्मकैदको सजाय पाएका व्यक्ति हुन् । गणतन्त्र दिवसको अवसर पारेर राष्ट्रपति रामचन्द्र पौडेलबाट आममाफी पाएपछि उनी डिल्लीबजार कारागारबाट कैद मुक्त भएका थिए । पाँच वर्ष तीन महिना कारागार बसेका चौधरीले १४ वर्ष ९ महिना कैद छुट पाएका थिए । राष्ट्रपतिबाट

क्रमशः अन्तिम पृष्ठमा

# केन्द्रीय सैन्य प्रशिक्षण: राजनीतिक जीवनको नयाँ मोड

**संस्मरण- अनुभूति**

**राजबहादुर बुढा 'अविनाश'**

पार्टीको योजनालाई पूरा गरी लगातार पाँच रात हिँडेर जाजरकोटको जगतीपुर गाविसस्थित भेरी नदी पार गरेर रुकुम जिल्लाको चौरजहारी आएर बस्यौं । चौरजहारीबाट बिहानै हिँडेर सल्यानको कालागाउँ, रुकुमको नुवाकोट, झुल्नेटा हुँदै खुम्चेरी गाउँमा आयौं । एक दिन त्यहाँ आराम गरी त्यसको भोलिपल्ट दुई नम्बर प्लाटुनका क. विविध, क. हिमाललगायतका कमरेडहरूले अविर र माला लगाएर अर्को मोर्चामा सँगै लड्ने प्रतिबद्धता जाहेर गर्दै हामीलाई बिदाई गर्नुभयो ।

हामी उहाँहरूसँग बिदाई लिएर जङ्गलको बाटो उकालो चढेर पाछावाङको लेकमा आयौं । त्यो लेकबाट सानो डोरेटो बाटो समातेर जङ्गलैजङ्गल ओह्रालो झरेर रोल्पा जिल्लाको पाछावाङ गाविसको सल्लाबोट गाउँमा आएर बस्यौं । अर्कोदिन त्यहाँबाट हिँडेर राङ्कोट गाविसको मौलाबोट गाउँमा आयौं । मौलाबोटमा स्थानीय कमरेडहरूले एउटा खसी काटेर हामीलाई खुवाउनु भयो । त्यहाँ हाम्रो प्लाटुनको बैठक बस्यो । दुई घन्टा बैठक बसेर पार्टीको निर्देशनअनुसार पन्ध्र दिनका लागि विकेन्द्रित भयौं ।

प्लाटुन सहायक कमाण्डर क. किरण बाहेक तीनवटै सेक्सन सँगै थियौं । ती सेक्सनलाई तीनवटै क्षेत्रमा रहने र त्यतैबाट घरभेटघाटसमेत् मिलाउने उद्देश्यले क. बरूण र क. गुलावको सेक्सनलाई जिल्लाको पूर्व र मध्य भागमा पठाउने, क. हितमानको सेक्सन उत्तर-पश्चिमको भूगोलमा पठाउने निर्णय भयो । त्यही निर्णयअनुसार क.बरूण र क.गुलावको सेक्सन कुरेली भावाङ हुँदै जङ्कोटतिर लाग्यो । क.हितमानको सेक्सन कुरेली र मिरुलतिर लाग्यो । म पनि क. हितमानको सेक्सनसँगै राङ्कोटबाट कुरेलीतिर लागें । बिहानै हिँडेर कुरेलीको सरावाङ गाउँमा पुग्यौं । सरवाङ गाउँबाट सेक्सनका कमरेडहरूसँग फाटेर म मेरी श्रीमतीको कार्यक्षेत्रतिर लागें ।

त्यतिखेर मेरी श्रीमतीको कार्यक्षेत्र कुरेलीकै सर्सुवारी दोमइडाँडा भन्ने गाउँमा थियो । जब म मेरी श्रीमती भएको घरमा पुगें, त्यहाँ कमलपित्त

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- २५, माघ २ गते शुक्रबार, २०८२

## सम्पादकीय

# कांग्रेसले दिशा लेऊ, मुलुकलाई दिशा देऊ !

राजनीतिक रङ्गमञ्चमा क्रियाशील दलहरूमध्ये मुलुकको सवैभन्दा पुरानो राजनीतिक दल नेपाली कांग्रेस यतिबेला विभाजन, विघटन र विसर्जन या रूपान्तरणको चौबाटोमा उभिएको छ। कांग्रेसले रूपान्तरणसहितको एकता हासिल गरोस् भन्ने नै तमाम लोकतन्त्रवादीहरूको कामना छ।

तथाकथित आन्दोलनका नाममा अराजनीतिक एवम् अवसरवादी राष्ट्रद्रोही-जनद्रोही तत्त्वहरूले टाउको उठाउने जमर्को गरिरहेका बेला ऐतिहासिक, परिपक्व एवम् धेरथोर लोकतान्त्रिक चरित्र र व्यवहार समेत रहेको कांग्रेस संकटमा पर्नु सिङ्गै मुलुक र जनताका लागि समेत किमार्थ फलदायी हुँदैन। कुनै पनि राजनीतिक दल बलियो हुँदा तानाशाह, भ्रष्टाचारी र राष्ट्रद्रोही कार्यतर्फ उन्मुख हुने अनि कमजोर हुँदा त्यसको सम्पूर्ण भार र क्षति जनता तथा राष्ट्रलाई बोकाउने दुष्चक्रको भारी हामी नेपालीले धेरै नै बोकिसक्यौं। अतः कांग्रेसले विगतमा जनताबाट पाएको अपार माया, साथ र समर्थनलाई हृदयंगम गरेर सच्चा लोकतान्त्रिक अभ्यासको नेतृत्व गर्ने सामर्थ्य हासिल गर्न सक्नु नै नेपालीका लागि सुखद् विषय हुने छ।

मुलुकमा पछिल्लो राजनीतिक संकट उत्पन्न हुनुअघि नै अबको नेतृत्वमा आफू नदोहोरिने सार्वजनिक अभिव्यक्ति दिइसकेका र स्वयं कांग्रेसको विधानले समेत तेस्रो कार्यकालका लागि स्वीकृति नदिएका निवर्तमान सभापति शेरबहादुर देउवाले भदौ २३-२४ को विध्वंसपछि त झन् कार्यबाहक सभापति नै तोकेर आफूले विश्राम लिएको सन्देश दिइसकेका थिए। यस्तो अवस्थामा फेरि कांग्रेसमा बल्झिएको विवाद शोभनीय छैन; सम्बद्ध पक्षहरूले समुचित निकास निकालून।

## केन्द्रीय सैन्य...

रोग लागेर उनी गम्भीर बिरामी भएकी रहिछन्। एसिएम क.ऋतुको कमाण्डमा डोकोमा बोकेर राङकोटको गुरीचौर भन्ने ठाउँमा अवस्थित उप-स्वास्थ्य चौकीमा पुऱ्याई उपचार गराएर मात्र केही सञ्चो भएकी रहिछन्। क. ऋृतु सेनामा कार्यारत रहेको बेला आन्तरिक दूर्घटनामा परी वीरगति प्राप्त गरिसक्नु भएको छ। त्यतिबेलाको कमलपित्तको रोगले मेरी श्रीमतीलाई अहिले पनि छोडेको छैन। जे होस् त्यसदिन त्यहीं बसेर भोलिपल्ट मैले छोरीलाई बोकेर र श्रीमतीलाई बिस्तारै हिंडाएर उपचारमा लग्ने काम भयो। त्यो उपचारले रोगको निवारण त भएन, रोकथामसम्म भयो।

केही दिन त्यही एरियामा बसेर स्थानीय कमरेडहरूलाई राजनीतिक र साङ्गठनिक कार्यहरूमा सहयोग गरी म सम्पर्क स्थानतिर लागें। सम्पर्क कोटगाउँ गाविसको दारबोटमा थियो। दारबोटमा साउनको पहिलो हप्ताबाट एकमहिने केन्द्रीय फिजिकल ट्रेनिङ थियो। क. मदन, क. हितमान, क. ज्वाला, क. विश्वास, क. रबिन, र म गरी छजना भावाङ, कोर्चावाङ हुँदै दारबोटमा पुग्यौं। हितमान हाल पलायन छन् भने क. मदन हाल पाँचौ डिभिजन सहायक कमाण्डर र क.ज्वाला चौथो डिभिजनमा वटालियन सह-कमाण्डरको रूपमा कार्यरत हुनुहुन्छ।

क. विश्वास भने सुकीदहको घेराबन्दीमा परी आफ्नो सहयोद्धा कमरेडहरूलाई घेरा तोडेर बाहिर निकाल्ने क्रममा दुस्मनसँग अदम्य साहासका साथ भिड्दा-भिड्दै उच्च वीरगति प्राप्त गर्नुभयो। त्यस्तै क. रबिन पूर्वमा पार्टीको योजनामा सम्पन्न सफल एम्बुसमा शाही नरपिचासहरूसँग लड्दा-लड्दै अमरत्व प्राप्त गर्नुभयो। अरू केही जना कमरेडहरू हामीभन्दा पहिले सम्पर्कमा आइसक्नु भएको रहेछ। केही जना भोलिपल्ट सम्पर्कमा आउनु भयो।

दारबोटमा पार्टी केन्द्रको योजनाअनुसार केन्द्रीय सैन्य शिविर सञ्चालन हुन गइरहेको थियो। त्यसको सम्पूर्ण जिम्मा पश्चिमाञ्चल क्षेत्रीय व्यूरोले लिएको थियो। व्यवस्थापनको लागि रोल्पा जिल्लाले जिम्मा लिएको हुँदा बहुसंख्यक डिसिएम र एसिएम साथै स्क्वायडहरू तीब्र गतिले तयारीमा जुटिरहनु भएको थियो। हामीले पनि केही दिन सहयोग गऱ्यौं। देशभरिबाट प्रशिक्षार्थीहरू छानिएर आउने सल्लाह थियो। साथै प्रशिक्षक पनि बाहिरबाट आउने पक्का भइसकेको थियो। जब ट्रेनिङको लागि मिति नजिक आइपुग्यो, प्रशिक्षार्थीहरू धमाधम सम्पर्कमा आउने क्रम बढ्यो। प्रशिक्षक पनि तोकिएको समयमा सम्पर्कमा आइपुग्नु भयो। रनिङ र ड्रिलको लागि फिल्ड, बस्ने क्याम्प, व्यवस्थापनको सबै तयारी पूरा गरिसकेपछि साउन ५ गतेबाट विधिवतरूपमा उद्धाटन गरी फिजिकल ट्रेनिङ सुरू गर्ने काम भयो। मुख्य प्रशिक्षक क. बालाजी, सहायक प्रशिक्षकहरू क्रमशः क. दिलिप र क. पासाङ रहनु भयो।

प्रशिक्षार्थीहरू पूर्वी नेपालबाट क. पराबाना (सन्तु दराई) लगायत चारजना, गण्डकबाट क. भीमसेन पोखेल र सन्तोष (उहाँहरू दुवैजनाले गोरखा र नुवाकोटमा सहादत पाउनुभयो) लगायत पाँचजना, पश्चिम नेपाल मूलतः भेरी-कर्णालीबाट क. परिवर्तनलगायत तीनजना, उपत्यकाबाट क. सुजनलगायत दुईजना, तीन नम्बर प्लाटुनबाट क. सन्देशलगायत तीनजना, दाङ जिल्ला स्क्वायर्ड्बाट क. राजेश (धनबहादुर मास्की) लगायत दुईजना, दुईनम्बर प्लाटुनबाट क. सुन्दरलगायत पाँचजना, एक नम्बर प्लाटुनबाट मलगायत दसजना, रोल्पा जिल्ला स्क्वायर्ड्बाट महिला पुरुष गरी आठजना, रोल्पा जिल्ला कमिटि सदस्यबाट एकजना गरी जम्मा बयालीसजना थियौं। व्यवस्थापनमा जिल्ला पार्टीको तर्फबाट बरिष्ठ डिसिएम क. सिजल 'दीपेन्द्र पुन', मेष विभाग प्रमुखमा क. याङ्कु नक्सा कोर्ने र दोभाषेको लागि क. शक्तिमान रहनु भयो। प्रशिक्षार्थीहरूको समग्र कमाण्ड मैले गरेको थिएँ।

प्रमुख प्रशिक्षक क. बालाजीलाई हिन्दी भाषा नआउने, तेल्गु भाषा मात्र आउने भएकाले क. दिलिपले तेलगु भाषालाई हिन्दीमा रूपान्तरण गर्ने, हिन्दी भाषालाई हामीले अन्य कमरेडहरूलाई नेपाली भाषामा रूपान्तरण गरिदिने सल्लाह भयो। यसरी बिहान ४:४५ बजे अनिवार्यरूपमा उठ्नु पर्ने, ५ बजेसम्म नित्यक्रम गरिसक्नु पर्ने, ५:१५ सम्ममा तातोपानी जति सकिन्छ पेटभरि पिउने, ५:३० बजे फिल्डमा उपस्थित हुने, ५:४५ सम्म लाइन लागेर काउन्ट गरिसक्ने र ठीक ५:४५ बजेबाट पिटी सुरू गर्ने गर्दथ्यौं। यस्तो थियो हाम्रो समय तालिका। पिटीमा सबैभन्दा पहिले सामान्य दौडबाट क्रमशः हमिङरन, साइडरन, व्याकरन, डकरन र वीपनअप गरी रनिङ गर्ने लगायत दर्जनौं आइटमहरू ५५ मिनेटसम्ममा पूरा गर्ने हुन्थ्यो। ५ मिनेट क्वीकरन गरी १ घन्टाको रनिङ पूरा गर्नु पर्दथ्यो।

रनिङ पूरा गरेर पिटी अन्तर्गतकै एक्सरसाइज गर्ने, जस्तै- विभिन्न आइटमहरूको रोटेशनमा पुसअप, सिटअप, लेग स्क्याटरिङलगायतका आइटमहरू एक घन्टामा पूरा गरिन्थ्यो। त्यसपछि ७:४५ मा नास्ता खाने, नास्ता खाएर ब्याटल ड्रिल गरिन्थ्यो। ब्याटल ड्रिलमा हतियारसँग टनेलमा पस्ने, क्राउलिङ गर्ने, ट्रेन्चरमा पस्ने, ट्रेन्चरबाट फाइर गर्न अभ्यास गर्ने हुन्थ्यो। त्यस्तै फाइर गरेर कभर चेन्ज गर्ने, अब्स्ट्र्याकल पार गर्ने, मङ्कीरोप, मङ्कीक्लाइम्बिङ ब्यालेन्सजम्प, बेनरन, रिभरक्रस आदि आइटमहरू पूरा गरेर १० बजेदेखि ११ बजेसम्म खाना खानु पर्दथ्यो। दुई घन्टा आराम गरेर १ बजेदेखि ३ बजेसम्म दुई घन्टा फिल्डक्राफ्ट र ब्याटलक्राफ्टको सैद्धान्तिक अध्ययन गर्ने, ३ बजे चिया नास्ता, ३:३० बजेदेखि ५ बजेसम्म परेड ड्रिल गर्ने रुटिन तय भएको थियो। यसमा सेनामा हुनुपर्ने सैन्य अनुशासन, सेनाले गर्नुपर्ने काम कर्तव्य, सेनामा हुनुपर्ने गुण, सलामी, सामुहिकताको भावना, उच्च मनोबल राखिराख्ने र सेनाको दैनिक क्रियाकलापहरूको बारेमा क्लास लिने गरिन्थ्यो। ५ बजे दिनभरिको पिटीलाई समाप्त गरी बेलुका ७ बजेसम्म खाना खाइसक्ने, ८ देखि ९ बजेसम्म अतिरिक्त क्रियाकलापमा सहभागी हुने, ९ बजेदेखि कडा सुरक्षाका साथ क्याम्प साइलेन्ट गर्ने हाम्रो तालिमका कार्यतालिका थियो। यसरी आवश्यकताअनुसार आइटमहरू बदल्दै अगाडि बढ्न सकिने हुन्थ्यो। वर्षात्को मौसम थियो। सबैभन्दा पानी पर्ने साउनको महिना थियो। दिनभरि पानीमा लुथ्रुकै भिजेर हिलोमा बिभिन्न आइटमका क्रोलिङहरू गर्ने, घिस्रिने, पल्टिने, उत्तानो पर्ने लगायतका फिल्ड आइटमहरू पूरा गरी बेलुका हिलै-हिलो भएको चिसो ड्रेस झिकेर क्याम्पमा झुण्डाउने र अर्को लुगा लगाएर बस्ने गर्दथ्यौं। भोलिपल्ट बिहानै उठेर त्यही चिसै ड्रेस लगाएर तालिममा जाने, घाम गर्दा ड्रेस शरीरमै सुक्ने, पानी पर्दा हप्दौ दिनसम्म पनि नसुक्ने, अत्यन्त मिहेनत र कठिनाइका साथ फिजिकल ट्रेनिङ पूरा गरेका थियौं। त्यो ट्रेनिङ मेरो निम्ति तेस्रो ट्रेनिङ थियो। त्यसबेला म ३६ वर्षको थिएँ। पहिलो दुईवटा ट्रेनिङ क्रमशः रोल्पाको ओत गाविसको छड्केढुङ्गामा र दोस्रो जाजरकोट बडालेकमा क.पासाङले दिनुभएको थियो।

पहिलो र दोस्रो ट्रेनिङभन्दा तेस्रो ट्रेनिङ व्यक्तिगत हिसाबले र सामुहिक हिसाबले दुवै क्षेत्रमा धेरै प्रभावकारी थियो। त्यसबेलाको ट्रेनिङमा प्रशिक्षकको बिशाल हृदय, भूमिका र कासन नै मलाई सबैभन्दा बढी मन परेको थियो। अझै भुल्नै नसकिने सधैं दिल दिमागमा घुमिरहने कुरो त एउटा खोल्सोमा गएर जति सकिन्छ आकाश पाताल छुनेगरि चिच्याउने, सिठ्ठी बजाउने र दगुर्दादगुर्दै लामो स्वरमा एकैचोटी कासन गर्ने नै थियो। रेड र एम्बुसको तालिम गर्दा साँच्चिकै रेड, एम्बुस गरेको जस्तो भान हुन्थ्यो। हतियार खोल्ने, सफा गर्ने, जोड्ने, बम बनाउने काम त सामान्य नै हुन्थ्यो। अर्को एउटा राम्रो पक्ष नजिकै कोटगाउँमा पुलिसपोष्ट रहँदारहँदै हामीले एक महिनासम्म दारबोटको जङ्गलमा तालिम सम्पन्न गर्नु पुलिसलाई कुनै अत्तोपत्तै नहुनु यो ऐतिहासिक परिघटना थियो। त्यसले के प्रमाणित हुन्थ्यो भने जनता महासागर हुन्, हामी महासागरमा तैरने माछा हौं।

एक महिना ट्रेनिङ गरेर समापन समारोहको लागि पार्टीको महामन्त्री हाम्रो पार्टी अध्यक्ष क.प्रचण्डलगायत अन्य अतिथि कमरेडहरू आउनु भयो। कार्यक्रम समापनको लागि एउटा ठूलो हल बनायौं। सबै प्रशिक्षार्थीहरू हलमा प्रवेश गरिसकेपछि क.दिवाकरको सभापतित्व, क.शुरेससिंहको सञ्चालनमा र क.प्रचण्डको प्रमुख आतिथ्यमा समापन कार्यक्रम शुरु भयो। देशभरिबाट ट्रेनिङमा सहभागी हुन आउनुभएका सबै कमरेडहरूबाट एक महिने फिजिकल ट्रेनिङको सकारात्मक र नकारात्मक समीक्षात्मक अनुभूति राख्ने काम भयो। अध्यक्ष कमरेडले समीक्षात्मक रिपोर्ट र अनुभूतिको सार खिच्दै प्रशिक्षण दिनुभयो। झिना मसिना कमिकमजोरीका बाबजुद शानदाररूपमा सफल भएको निष्कर्ष थियो क.प्रचण्डको कलाकार कमरेडहरूबाट हललाई गुन्जायमान पार्नेगरि गीत र सङ्गीतले हामी सबैलाई प्रभावित पार्नुभयो। भर्खरै एकमहिना ट्रेनिङ लिएका ड्रेसबद्ध सैन्य टुकुडीको अनुहारमा क्रान्ति र विजयको भाव झल्किन्थ्यो।

तालिमबाट पूर्ण आत्मविश्वास पैदा भएको थियो। प्रशिक्षार्थीहरूको मिहेनत र परिश्रम मेस विभागको धैर्यता, जनताको गोपनियता देखेर प्रशिक्षकहरू अत्यन्तै खुसी हुनुभएको थियो। प्रशिक्षकहरूले सुरूसुरूमा नजिकै दुस्मनको पोष्ट रहेछ, जङ्गल पनि सानो छ, दुस्मनले थाहा पायो भने घेराबन्दी गर्न सक्छ भन्नुहुन्थ्यो, तर त्यसदिन मुख्य प्रशिक्षकले आफ्नो अनुभूति मन्तव्यमा 'नेपालमा एक किसिमले क्रान्ति सम्पन्न भइसक्यो भने पनि हुन्छ, किनकि यहाँका जनताले खेलेको भूमिका सामान्य छैन। यति नजिकमा एकमहिना तालिम गर्दासमेत् दुस्मनले थाहा नपाउनु भनेको आफैमा जीत हासिल गर्नु हो' भन्नुभयो। उहाँको यसप्रकारको विश्लेषणबाट हामी सबैमा नयाँ उत्साहको रक्तसञ्चार भयो। यसरी कार्यक्रमको समापनपछि हलभित्र सबैको फोटो आउनेगरि फोटो खिचायौं। समापन सकेर बाहिर चौरमा संयुक्त र ग्रुपग्रुप गरी महामन्त्री कमरेडसँग फोटो खिचेका थियौं। त्यसबेला मलाई साहै्र गौरव महशुस हुन्थ्यो।

म सेनामा प्रवेश गर्नेबेला तालिम प्राप्तगरि सबैथोक जानेर बुझेर प्रवेश गरेको थिएन। सेनामा प्रवेश गरेर मात्र युद्धकला सिक्दै आएको थिएँ। एक वर्षको सेनाको अनुभव र एकमहिनासम्म सञ्चालन भएको फिजिकल ट्रेनिङले मलाई ठूलो आत्मविश्वास पैदा गराएको थियो। अब सेनामा पूर्णरूपले आत्मविश्वासको साथ काम गर्न सकिन्छ। यो भन्दा पहिलेका दिनहरू धेरैजसो सिक्नेमै खर्च भयो। अब सिक्ने र सिकाउने दुवै काम आत्मविश्वासका साथ पूरा गर्न सकिन्छ भन्ने लागेको थियो।

त्यसैबेला पार्टीले तीनवटै प्लाटुनका प्लाटुन कमाण्डरहरूलाई सङ्गठनतिर फिर्ता गर्ने र नयाँ कमरेडहरूलाई प्लाटुन कमाण्डर बनाएर अभ्यस्त गरी अगाडि बढाउने निर्णय लिएको कुरा क. दिवाकरले मलाई जानकारी दिनुभयो। मैले 'म पार्टीको नीति र योजनालाई केन्द्रबिन्दुमा राखेर सोचने मान्छे हुँ। हिजोका दिनमा पार्टीको योजनालाई मानेर सेनामा आएँ पनि। अहिले पनि पार्टीको योजनाभित्र रहेर काम गर्न तयार छु। मात्र मेरो क्षमता, परिश्रम र मिहेनत कसैले व्यक्तिगत स्वार्थको लागि प्रयोग नगरोस्, पार्टी र क्रान्तिको लागि लगानी होस्। मेरो उपस्थितिले पार्टी र क्रान्तिलाई फाइदा पुगोस्। म जहाँ बसेर काम गर्दा पार्टी र क्रान्तिलाई फाइदा हुन्छ त्यहीं बसेर मेरो भूमिका पूरा गर्न आत्मैदेखि तयार छु' भनी पार्टीको निर्णयलाई सहज स्वीकार त गरें, तर त्यसबेलाको पार्टीको निर्णय आत्मैदेखि भन्नुपर्दा मेरो राजनीतिक जीवनमा एउटा ठूलो वीन्डिङ मोड थियो, जहाँबाट मेरो घुम्ती यात्रा सुरू भयो। जीवनमरणको भीषण वर्गयुद्धको बिचबाट यहाँसम्म आउँदा बिभिन्न घुम्ती, भञ्ज्याङ पार गरी थुप्रै बाधाअर्चन पन्छाउँदै आइपुगेको छु र अगाडि बढ्नको लागि मार्गचित्र पनि तय गरेको छु।

समापन कार्यक्रमसँगै एउटा बिदाई कार्यक्रम जोडेर अतिथि, प्रशिक्षक र टाढा-टाढाबाट आउनुभएका प्रशिक्षार्थी कमरेडहरूलाई अबिर माला लगाएर बिदाइको हात हल्लाउँदै नयाँ र समुन्नत नेपालको निर्माणको लागि वर्गयुद्धमा भेट हुने बाचाका साथ केही दूरी परसम्म पुऱ्याएर छोड्यौं। म पनि मेरो प्लाटुनका कमरेडहरूसँग बिदाई लिएर आफूले आफैलाई एक्लो महशुस गर्दै जिल्लाको सम्पर्क स्थानतिर लागें।

*६ साउन, २०६५*

## लुसिफरहरूले धाक नलाए हुन्छ : ओली

**काठमाडौं।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह झापा- ५ मा आफूसँग भिड्न जाने भन्ने विषयमा आलोचनात्मक प्रतिक्रिया दिएका छन्।

काठमाडौंमा बिहीबार आयोजित एक कार्यक्रममा बोल्दै एमाले अध्यक्ष ओलीले अहिलेका युवाहरूले बाटो बिराइरहेको टिप्पणी गर्दै झापामा आफ्नो जित सुनिश्चित रहेको ठोकुवा गरेका हुन्। अध्यक्ष ओलीले आफ्ना विरुद्ध नचिनिने पैसा लिएर बालेन शाह झापा जान लागेको टिप्पणी गरे। केही दिनअघि मात्रै हजारौं अमेरिकी शंकास्पद डलर झापातर्फ लैजाने क्रममा सिन्धुलीमा समातिएको थियो। बालेनले आफूविरुद्ध खर्च गर्न उक्त पैसा झापा लैजान लागेको दावी गरे।

अध्यक्ष ओलीले यसो भनिरहँदा दमकमा सम्पर्क कार्यालय बनाएर चुनावी अभियान थाल्ने तयारी रहेका बालेन आफैं झापा पुग्ने भएका छन्। 'थिति र विधिको होइन, जसको लाठी त्यसको भैंसी जस्तो शासन चलेको छ' ओलीले 'महान्यायाधिवक्ताको कार्यालय इतिहाससम्मका लागि कलंकित भएको छ, लज्जाको विषय बनेको छ।' अध्यक्ष ओलीको प्रश्न थियो 'यस्तो पनि हुन्छ ?' नेपालको राजनीतिमा दुई वटा कुरामा लडाइँ चलिरहेको विश्लेषण गर्दै ओलीले प्रतिक्रियावादीहरू नेपाल र नेपालीको सरकार बनाउन नदिन लागिरहेको समेत उल्लेख गरे।

## नेपालमा वर्षदिनमै प्रेस स्वतन्त्रता हननका १२१ घटना

**काठमाडौं।** नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रतता हननका १२१ घटना घटेको देखिएको छ। प्रेस काउन्सिल नेपालले हालै एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त संख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो।

सबैभन्दा बढी धम्की दुर्व्यवहारका ५० घटना, आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा/अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शंकास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन्। यसैगरी, सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६/६ र कर्णालीमा पाँच घटना घटेका छन्।

यस्तै लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार/सञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ। यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १० वटा घटना घटेका छन्। यसमा बागमती प्रदेशमा पाँच, मधेस प्रदेशमा चार र कर्णालीमा एक घटना घटेको विज्ञप्तिमा उल्लेख छ–।

# समानुपातिक सूचीले रास्वपामा असन्तुष्टि : नेतृत्वसँग 'सवाल नगर्न' चेतावनी !

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा निर्वाचन आयोगमा बुझाएको समानुपातिक बन्दसूचीलाई लिएर आन्तरिक असन्तुष्टि चुलिएको छ । रास्वपाले पुस १४ गते आयोगमा बुझाएको ११० जनाको बन्दसूचीमा आन्तरिक प्रतिस्पर्धामा अब्बल अंक प्राप्त गरेका व्यक्तिलाई प्रतिस्थापन गरी कमजोर अंक ल्याएकालाई एक-दुई नम्बरमा राखेर विधि र विधानको धज्जी उडाएको गुनासो चर्किको हो ।

एक पार्टी सदस्यले आन्तरिक मूल्याङ्कन र प्राइमरी निर्वाचनबाट प्राप्त गरेको रिजल्ट माग्दा नेतृत्वले पार्टी छोड्न धम्की दिएको आरोप लगाए । 'हामीले कति दुःख गरेर बनाएको पार्टी हो । विधि र पारदर्शीको नाममा पार्टी नाङ्गिएको छ' भन्दै ती सदस्यले पार्टीमा तानाशाहको हद भएको गुनासो पोखे । आफूले प्राप्त गरेको प्राप्ताङ्क माग्दा नेतृत्वले समानुपातिक बन्दसूचीबाट राजीनामा दिन र महाधिवेशनअघि नै पार्टी छोड्न धम्की दिएको समेत ती सदस्यले बताए ।

रास्वपाले कात्तिक २२ गतेदेखि नै समानुपातिक उम्मेदवार बन्न इच्छुक व्यक्तिहरूलाई आवेदन दिन आह्वान गरेको थियो । पुस पाँच गतेसम्म ४१८ जनाले तोकिएको दस्तुर बुझाएर आवेदन दिएका थिए । सो सूचीमा आदिवासी जनजातिको तर्फबाट एक नम्बरमा रहेकी टासी ल्याजोम शेर्पालाई हटाएर सहकोषाध्यक्ष बसुमाया तामाङलाई ल्याउन खोजिएको आरोप छ । शेर्पाले आफूले बन्दसूचीबाट नाम फिर्ता नलिएको प्रतिक्रिया दिइन् । 'मैले निर्वाचन आयोगमा बुझाएको बन्दसूचीबाट नाम फिर्ता लिएको छैन । आयोगमा अध्यावधिक गरेको सूचीमा मेरो नाम हटाएको सञ्चारमाध्यमबाट थाहा पाएको छु' शेर्पाले थपिन् 'नाम फिर्ता लिने पक्षमा छैन । मैले नै निवेदन नदिएसम्म कसरी नाम फिर्ता हुन्छ ?' आफूलाई 'फ्रि टिबेट पक्षधरसँग सम्बन्ध रहेको, ब्यायफ्रेन्ड टिबेटियन भएको दलाई लामासँग सम्बन्ध रहेको जस्तो आरोप लगाएर बदनाम गर्न खोजिएको भन्दै आपत्ति व्यक्त गरिन् ।

यस्तै, विवेकशील साझाबाट एकतामा आएकी र आन्तरिक प्रतिस्पर्धामा राम्रो अंक पाएकी रञ्जु दर्शनालाई बन्दसूचीमा नपर्ने गरी पछिल्लो क्रममा राखिएको आरोप लगाइएको छ । दर्शनाले बन्दसूचीबाट नाम फिर्ता लिइसकेको घोषणा गरिसकेकी छन् । उता, पार्टी स्थापनाकालदेखि नै नेतृत्वलाई सहयोग गर्दै आएकी केन्द्रीय सदस्य कुसुम श्रेष्ठमाथि समेत अन्याय गरिएको गुनासो समेत पोखिएका छन् । यसअघि श्रेष्ठले रूपन्देही-३ बाट उम्मेदवार बन्न आवेदन दिन बन्दसूचीबाट राजीनामा दिएकी थिइन् । रास्वपा नेतृत्वबाट स्त्यहाँ पनि धोका दिएको आरोप लगाइएको छ । रास्वपाले जनजाति कोटामा अब्बल अंक ल्याएका अन्य पात्रलाई पछाडि राखेर सुम्निमा उदासलाई अगाडि रोमा राखिएको आरोप पनि लागेको छ ।

रास्वपाको नेतृत्वले विधिलाई धज्जी उडाएर झ्यालबाट र बाहिरबाट गलत गरेको स्रोतको आरोप लाग्दै आएको छ । 'गलत भयो भनेर प्रश्न उठाउनै पाउँदैन' स्रोतले भन्यो 'नेतृत्वबाट धम्की आउँछ । पार्टीभित्र प्रश्नै गर्न नपाउने पनि हुन्छ ?' स्रोतले बन्दसूचीमा भएको अन्यायको विषयमा केन्द्रीय अनुशासन आयोगको निवेदन केन्द्रीय समिति, सबै प्रदेश सभापति र केन्द्रीय निर्वाचन आयोगलाई बोधार्थ दिएको छ । 'उम्मेदवार छनोट प्रक्रियामा प्रमुखको भूमिकामा रहनुभएको व्यक्ति आफू उम्मेदवार भएपछि आफ्नो कामको जिम्मेवारी अन्य के सदस्य साथीहरूलाई हस्तान्तरण गरेको देखिएन । यसले निर्णय अधिकार आफूमा सीमित राखेको देखिन्छ । जुन गलत हो । हामी पाइलैपिच्छे गल्तीमाथि गल्ती गरिरहेका छौं, थाहा नभएर हो या आफू बाहेक अरुलाई मान्छे नदेखेर हो ? पदको दुरूपयोग भयो' ध्यानकर्षण पत्रमा उल्लेख गरिएको छ । ती सदस्यले अनुशासन आयोगमा बुझाएको १३ बुँदे ध्यानाकर्षणपत्र यस्तो छ :-

***श्री अनुशासन विभाग प्रमुखज्यू***
***रास्वपा, वनस्थली, काठमाडौं***

***विषय : समानुपातिक उम्मेदवार छनोटमा अनियमितता तथा अन्याय भएकोबारे ।***

***महोदय,***

*उपरोक्त सम्बन्धमा पारदर्शी ढंगले आयोजना गर्ने भनी बनाइएको छनोट विधि अति नै अपारदर्शी र अलोकतान्त्रिक भएको छ । २०७० को चुनावदेखि हालसम्म ३-३ पटक म उम्मेदवारी छनोट प्रक्रियामा सहभागी भएको छु । हरेक पटक फेल । समानुपातिक उम्मेदवार छनोट प्रक्रियामा २-२ पटक सहभागी हुँदा मेरो रोल क्रम सधैं ८ आदिवासी जनजातिको महिलातर्फ के यो नियोजित होइन र ? स्थापनाकालदेखि आजसम्म पार्टीले ३-३ पटक निर्वाचनको प्रक्रिया गरायो, तर हरेक पटक समस्यापूर्ण र त्रुटिपूर्ण नै रह्यो ।*

१. *समानुपातिक उम्मेदवारी दिने अन्तिम मिति २५/८/२०८२ तय भएपछि पनि पुस ५ गतेसम्म समय थप्नु र कुनै पार्टीको व्यक्ति लक्षित गरी समय थप गरिएको पार्टीको विज्ञप्ति आउनु नै अनुचित थियो । आज फेरि अन्य दलबाट आएका साथीहरू समावेशको नाउँमा यो बन्न सूची अनैतिक संसद भर्ना केन्द्र बनाइयो ।*

२. *पुस ५ गतेसम्म समय थप गरिसकेपछि पुस ३ गते नै उम्मेदवार नामावली प्रकाशिन गर्नु गलत थियो । जब नामावली प्रकाशन गरिसकेपछि पुनः समय थप गर्नु र पुस ४ गते रातिको १२ बजेसम्म उम्मेदवारी स्विकार्नु पुनः गलत भएको छ । यो त सरासर कुनै व्यक्ति विशेषलाई लक्षित गरी समय थप गरेको आज निश्चित भयो । उम्मेदवार छनोट प्रक्रियाको जिम्मेवारी लिनु भएको पार्टी केन्द्रीय सहमहामन्त्रीज्यूको उम्मेदवारीले उहाँ पहिले उम्मेदवार बन्न इच्छा नभएको र पछि नियोजित तरिकाले इच्छा जाहेर गरेको देखिन्छ । केन्द्रीय समिति संवाद समूहमा उम्मेदवारी खोल्ने बित्तिकै मैले लेखेको थिए- कन्फ्लिक्ट अफ इन्ट्रेस्टमा पर्ने साथीहरू उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुन मिल्दैन । उम्मेदवार छनोट प्रक्रियामा प्रमुखको भूमिकामा रहनु भएको व्यक्ति आफू उम्मेदवार भएपछि आफ्नो कामको जिम्मेवारी अन्य के सदस्य साथीहरूलाई हस्तान्तरण गरेको देखिएन । यसले निर्णय अधिकार आफूमा सीमित राखेको देखिन्छ, जुन गलत हो । हामी पाइलापिच्छे गल्तीमाथि गल्ती गरिरहेका छौं । थाहा नभएर हो या आफू बाहेक अरुलाई मान्छे नदेखेर हो ? पदको दुरूपयोग भयो ।*

३. *देशका सबै भूभाग सुगम नभएको र सबै सदस्यहरू नयाँ टेक्नोलोजी मैत्री नभएको साथै अनलाइन भोटिङमा सधैं सिस्टम नै ह्याक गरी आफूले चाहेको व्यक्ति जिताउन सकिने कुरा रूपन्देहीको उम्मेदवार छनोट प्रक्रियाले पुष्टि गरिसकेको थियो । आज पुनः देशभरि नै पुष्टि भएको छ । आज देश तथा विदेशबाट गरी लगभग ३ लाख सदस्य भएको सुनिन्छ । तर प्रारभिक मतदानमा २० हजार भन्दा कमको सहभागिताले बाँकी रहेका अन्य सदस्यको मताधिकार गुमेको छ । के यही हो न्यायिक सहभागिता ? यो प्रक्रिया हेर्दा पैसा, पहुँच र पावरवालाको मात्र पार्टी भएको अनुभूति भएको छ । किनभने दूरदराजमा रहेका सदस्यहरू, जसले सकीनसकी १०००/- रूपैयाँसम्म तिरेर पार्टी सदस्य बने तर आज आफ्नो मताधिकार गुमाएका छन् । के यही लोकतान्त्रिक अभ्यास हो ?*

४. *ओटीपी मार्फत मत हाल्दै गर्दा स्वदेशमा हुने तर महंगो फोन र इन्टरनेट सुविधा हुनेले मात्रै आफ्नो मताधिकार प्रयोग गर्न पाए । तर विदेश तथा स्वदेशका दूरदराजमा इन्टरनेट सुविधा नभएका सदस्यहरूको मताधिकार हनन् भएको छ । रूपन्देहीको प्रक्रियाबाट नै असफल पुष्टि भएको प्रणाली र विधि पुनः प्रयोगमा ल्याउनुले चोरलाई तालाचाबी दिएर घर कुर्न दिए झैं भयो । परिणाम आज छर्लङ्ग छ ।*

५. *विदेशमा भएका सदस्यहरूले पनि उम्मेदवारी दिन पाउने निर्णय साह्रै राम्रो थियो । तर ती साथीहरूमध्ये केही मात्रै स्वदेश फर्किए र सम्पूर्ण प्रक्रियामा सहभागी भए अन्य साथीहरू आउनु भएन । के वहाँहरू सहभागी हुनु नपर्ने थियो ? या त समयमा खबर नगरिएको हो ? अथवा जानकारी नै नगराइएको हो ?*

६. *छनोट भएका उम्मेदवार साथीहरू केही दिन अगाडि मात्रै भव्य स्वागत गरी पार्टी भित्र्याउने काम भयो । आज वहाँहरू प्रायः जसो बन्दसूचीको अग्रपंक्तिमा छन् र स्थापनाकालदेखि योगदान गरेका सबै साथीहरू (आदिवासी जनजाति) पछाडि पारियो । पार्टीप्रतिको कुन योगदानको मापन गरि वहाँहरूलाई पास गराइयो । केन्द्रदेखि वडा तह हुँदै आम साधारण सदस्यहरूको योगदानको मूल्यांकन खै ? के यही हो पारदर्शिता । जिम्मेवार साथीहरूबाट यसको जवाफ चाहिन्छ ।*

७. *दूरदराजका जिल्लाहरूको पनि प्रतिनिधित्व गराइने भनेर चितवन भेलामा कति राम्रो सपना बाँडिएको थियो । तर आज छनोटमा सबै सुकिला-मुकिला मात्र छन् । के यो देशको नागरिक ती छुटेका वर्गहरू होइनन् र ?*

८. *ती दूरदराजका जिल्लाबाट प्रतिनिधित्व गर्ने साथीहरू यो छनोट प्रक्रियाभरि कैयौं पटक जिल्ला र काठमाडौं आवतजावत गर्दा लाखौं पैसा खर्च भएको छ । तर आज उच्च मतभार प्राप्त गर्दागर्दै पनि छनोट प्रक्रियापछि सबै अयोग्य । यदि वहाँहरू सबै अयोग्य नै हो भने परीक्षामा किन सामेल गराइयो । गरिबीको पैसा र लगानीको कुनै मूल्य नै भएन । भन्दा नमिठो लाग्छ- पार्टी गरिबमुखी नभई धनी वर्ग लक्षित भएको पाइन्छ ।*

९. *समानुपातिक प्रणाली वास्तवमा देशमा विद्यमान सबै जातजाति धनीगरिब सुगम र दुर्गम सबैको प्रतिनिधित्व गर्ने गराउने गरी परिकल्पनाका साथ राज्यले गरेका व्यवस्था थियो । यसको दुरूपयोग भएको कुरा आज बन्दसूचीले पाएको सुकिलामुकिला अनुहार जो महंगो गाडी चढेर हिँड्न सक्छन् ती मात्र समेटिनुले प्रष्ट पारेको छ ।*

१०. *आदिवासी जनजाति समूहबाट सुम्निमा उदासले पैसा तिरेर उम्मेदवारी त दिइन्, तर कुनै पनि प्रक्रियामा सहभागी नभई बन्दसूचीमा ३ नम्बरमा परिन् । उनलाई कुन विधिले मापन र परीक्षण गरियो । यसले हामी अझै पनि पहुँच र पावरवालालाई स्थान दिने, योग्य र सक्षमलाई अयोग्य बनाउँदै गरेको पुष्टि र प्रमाण हो यो मूल्यांकन परिणाम ।*

११. *हामी नाता, कृपा र आर्शीवाद विराधी हौं, पटक-पटक भाषणमा भनिरह्यौं । देशैभरि हल्ला गरिरह्यौं । आज बन्दसूचीको खसआर्य नामावलीले सबै प्रष्ट पारेको छ । हाम्रो सबै खसआर्य केन्द्रीय साथीहरू अग्रिम स्थानमा हुनुले हामी भन्ने र गर्ने फरक छौं भन्नेबारे स्पष्टता प्रदान गरेको छ ।*

१२. *समावेशिताको हिसाबले पनि आदिवासी जनजाति साथीहरूको सही मूल्यांकन नभएको प्रष्ट देखिएको छ । खसआर्य सबै र सधैं पहिलो हुनु र आदिवासी जनजाति लगायत अन्य जातजातिका साथीहरू अयोग्य प्रमाणित भएको मूल्यांकनले विभेद भएको ठहरिएको छ ।*

१३. *सुन्दा मिठो तर यथार्थमा तितो लाग्छ । हामी भुईं र भुईंमान्छेको वास्तविकता बुझ्ने भन्दा पनि नामको अगाडि ईआर. डीआर., सेलिब्रेटी र विदेश पढेकोलाई प्राथमिकता दिने र अनावश्यक प्रचारप्रसार गर्ने परिपाटीले संगठनमा दुःख गर्नेको मूल्यांकन नभएको ठहरिएको छ । साथै यदि रास्वपालाई बन्दसूचीमा माथि उल्लेखित वर्ग मात्र चाहिएको थियो भने देशैभरिबाट हरेक वर्गलाई खुल्ला आह्वान गर्नुले माथि उल्लेख गरिएको बाहेक सबै छुटेका वर्गको योग्यता, क्षमता र आत्मसम्मानमा ठेस लागेको छ ।*

*आवाजविहिनहरूको आवाज बन्छु, निरीह नेपालीहरूको बल अनि सहारा बन्न सक्छु भनेर म राजनीतिमा आएकी हुँ तर आज आफैं निरीह महसुस गर्दैछु । तै पनि झिनो आशा राख्दै मलाई न्याय नगरेपनि दूरदराजबाट सहभागी भएका उम्मेदवार साथीहरूलाई न्याय गर्नु हुन्छ भनेर झिनो आशाले साथीहरूको हक माग्दै अनुशासन आयोगमा मेरो निवेदन पेस गरेकी छु ।*

*बोधार्थ*

*१) केन्द्रीय समिति*
*२) प्रदेश सभापतिहरू सबै*
*३) केन्द्रीय निर्वाचन आयोग*

नेतृत्वबाट पार्टी छोडेर जान दिएको धम्कीबारे सहमहामन्त्री विपिनकुमार आचार्यलाई प्रश्न गर्दा अनभिज्ञता प्रकट गरे । प्रश्न गरेकै आधारमा धम्की आएको विषय गम्भीर भएको उनले बताए । 'जहाँसम्म समानुपातिक बन्दसूचीमा रहेका व्यक्ति छनोटको विषय छ, त्यसमा त्रुटि भएको जस्तो लाग्दैन । प्राइमरी निर्वाचनको परिणाम हेरेर मूल्यांकन गर्दा अपुरो हुन्छ', उनले भने, 'प्राइमरी निर्वाचनमा बढी मत प्राप्त भएर मात्रै हुँदैन । लिडरसिप एकेडेमी, पोलिटिकल प्रोक्सिमिटीमा कसैले धेरै मत ल्याएको छ भने प्राप्ताङ्क फरक पर्छ । यद्यपि प्रतिस्पर्धीमध्ये म किन पछाडि परेँ । अरु किन एक नम्बरमा परे भन्ने कुरा थाहा पाउनु हरेक सदस्यको अधिकार हो । त्यसमा नेतृत्वले नै प्रष्ट पार्ने नै छ ।'

'पार्टीको आधारभूत डीएनए (मेरिटोक्रेसी, पारदर्शिता, प्रारम्भिक निर्वाचन, ल्याटरल इन्ट्री, समता) फालेर उम्मेदवार छनोट गर्ने कर्मकाण्डी प्रक्रियामा गयो भने त्यसले पार्टीलाई कालान्तरमा असर त गर्छ नै, पुराना र नयाँको फरक पनि बिस्तारै मेटिन्छ । पार्टीले नै विधि मानेन भने देश विधिमा चल्छ भन्नु दिवास्वप्न मात्र हो' आचार्यले भने ।

चितवनको सौराहामा कात्तिक २२ र २३ गते रास्वपाको केन्द्रीय समितिको विस्तारित बैठकले उम्मेदवार छनोट समितिको संयोजक बनाएको थियो । उम्मेदवार छनोट मापदण्डको प्रमुख योजनाकार रहेका आचार्य आफैं संयोजकको जिम्मेवारीबाट राजीनामा दिएर समानुपातिक बन्दसूचीको खसआर्यतर्फ एक नम्बरमा राखेकोमा विवादमा तानिएका पात्र हुन् । 'मैले समानुपातिकबाट नाम फिर्ता लिएँ, अब प्रत्यक्ष चुनाव लड्छु । मैले पार्टीको विधि र विधान मिचेर उम्मेदवारी दिएको होइन । राजीनामा दिएर आन्तरिक प्रतिस्पर्धाबाटै नाम निकालेको हुँ' उनको भनाइ थियो ।

यसरी उम्मेदवारी फिर्ता लिएको स्वघोषणा गर्नेमा आचार्य सहित सचिन ढकाल, डा. अरनिको पाँडे, टासी शेर्पा, त्रिशला गुरुङ, आसिफ शाह, मिलन लिम्बू, सिर्जना ओली (सिर्जु), मोहना अन्सारी, साजन विक, डा रामजी राम, सुदेश गुरुङ र डा महेन्द्र लावती थिए ।

# नेपाली कांग्रेसभित्रको विवाद उत्कर्षमा : आधिकारिकताका लागि दुवै पक्ष निर्वाचन आयोगमा

**काठमाडौं ।** लामै समयदेखि देशको सबैभन्दा पुरानो दल नेपाली कांग्रेसभित्रको आन्तरिक कहलकै बीच महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माहरू अर्थात् विशेष महाधिवेशन पक्षधरहरूले विशेष महाधिवेशनपछि छुट्टै कार्यसमिति बैठक गरेको छ । संस्थापन पक्ष सभापति शेरबहादुर र कार्यवाहक सभापति पूर्णबहादुर खड्का पक्षहरूलाई पेलेरै गरेको विशेष महाधिवेशन गरी निर्वाचित गगनकुमार थापा नेतृत्वको कार्यसमितिको पहिलो बैठक सम्पन्न गरेको हो ।

ललितपुरको कुपण्डोलस्थित एक पार्टी प्यालेसमा बसेको सो बैठकले विशेष महाधिवेशनका निर्णयको बारेमा बिहीबार नै निर्वाचन आयोगमा जानकारी गराउने नवनिर्वाचित केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिएका हुन् । बैठकमा नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरू सहभागी थिए । पुस २७ गतेदेखि जारी विशेष महाधिवेशन पक्षधरको आह्वानमा भएको महाधिवेशनले बिहीबार बिहान थापाको नेतृत्वमा नयाँ केन्द्रीय कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको थियो ।

यसअघि बुधबार सोही सन्दर्भमा कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा पार्टी कार्यालय, सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले पार्टीको विधान उल्लंघन हुनेगरी कामकाज गरेको भन्दै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्ला मन्सुरलाई पार्टीबाट निष्काशन गरेको थियो । केन्द्रीय समितिको उक्त कारवाहीपछि कांग्रेसको विवाद उत्कर्षमा पुगेको हो । विवाद बढेपछि कांग्रेसका दुवै पक्ष आधिकारिकताका लागि निर्वाचन आयोग पुगेका छन् ।

नेपाली कांग्रेस विशेष महाधिवेशनले गठन गरेका निर्वाचन समितिले पुस ३० गते उम्मेदवार मनोनयन गरेको थियो । पार्टीको पुरानै विधानअनुसार हुन लागेको दावी गर्दै सो पक्षले निर्वाचनमा एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र एक सय २१ सदस्य पदमा मतदान भएको थियो । काठमाडौं भृकुटीमण्डपमा आइतबार दिउँसोबाट सुरु भएको विशेष महाधिवेशनबाट आफूहरू निर्वाचित भएपछि पार्टी संगठन झनै बलियो बनाउने नवनिर्वाचित थापाको भनाइ आएको छ ।

विशेष महाधिवेशन महामन्त्रीद्वय थापा र शर्माले कांग्रेसको कांग्रेस विधानको धारा १७(२) अनुसार विशेष महाधिवेशन माग भएको तीन महिनाभित्र विशेष महाविधेशन बोलाउनै पर्ने कानुनी बाध्यता रहेको समेत बताएका थिए । थापा र शर्माद्वय संयुक्त विज्ञप्तिमार्फत विधान पालना गर्दै पार्टीलाई जीवन्त बनाउनका लागि विशेष महाधिवेशनमा सहभागी हुन प्रतिनिधिहरूलाई आह्वान गरेका थिए । यसअघि जस्तोसुकै कठिन अवस्थामा पनि पार्टीलाई एकढिक्का राख्न आफूहरू कटिबद्ध एवं प्रतिबद्ध रहेको बताउँदै आएका थापा र शर्माकै पहलमा गत असोज २९ गते कांग्रेसका ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशन माग गर्दै केन्द्रीय कार्यालयमा निवेदन दर्ता भएको गराएका थिए । महाधिवेशनलाई पार्टीको संस्थापन पक्षले असहमति जनाएको बताइएको छ ।

## काङ्ग्रेसका दुई महामन्त्री र सहमहामन्त्रीमाथि 'कारबाही'

**ललितपुर ।** नेपाली काङ्ग्रेसले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मूल्ला मन्सुरलाई पार्टी अनुशासन उल्लंघन गरेको आरोपमा कारबाही गरेको छ ।

पार्टीका कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा सानेपामा बसेको पार्टी केन्द्रीय कार्यसमितिको बैठकले पार्टी विधान र हितविपरीत गतिविधिमा संलग्न रहेको आरोपमा पार्टी सदस्यबाट पाँच वर्षका लागि उनीहरूलाई निष्कासन गरेको केन्द्रीय सदस्य तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिएका हुन् । महामन्त्री थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरले काङ्ग्रेसको विशेष महाधिवेशन पक्षद्वारा आह्वान गरिएको विशेष महाधिवेशनको अगुवाइ गर्नुका साथै नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाउने कार्यमा संलग्न रहेको आरोप छ ।

बैठकबाट बाहिरिने क्रममा केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले पार्टीको केन्द्रीय कार्यसम्पादन समितिले निर्णय गरी पेस गरेको १५औं महाधिवेशनको कार्य तालिकासहित सबै निर्णयहरू पारित गरेको जानकारी दिए । यसैबीच, नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्र एकता कायम राख्न आफू लचक रहेको बताएका छन् ।

## नेकपा र राष्ट्रिय मुक्ति पार्टी नेपालबीच पार्टी समायोजन

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकता पक्षधर) बीच औपचारिक रूपमै पार्टी समायोजन भएको छ । एक विशेष कार्यक्रमका बीच दुवै पार्टीबीच समायोजनसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको नेकपा स्रोतले जानकारी दिएको हो ।

सहमतिपत्रमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल, सहसंयोजक माधवकुमार नेपाल तथा राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकता पक्षधर) का वरिष्ठ उपाध्यक्ष सुमन सायमीले हस्ताक्षर गरेका थिए । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले समायोजन कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय मुक्ति पार्टी नेपालसँगको समायोजनले विशेषगरी काठमाडौं उपत्यकाका नागरिकका समस्या समाधानमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गरे ।

काठमाडौंमा सुकुम्बासी, खोला किनारका पीडित, अव्यवस्थित बसोबास तथा सामाजिक-आर्थिक समस्याबाट ग्रसित नागरिकका पक्षमा सङ्घर्ष गर्दै आएका नेताहरू पार्टीमा समाहित हुनु सकारात्मक सङ्केत भएको उनले बताए । 'काठमाडौंका सुकुम्बासी, खोला किनाराका पीडितलगायत थुप्रै नागरिकका समस्या समाधानका लागि अग्रसर रहेका नेताहरू र हाम्रो पार्टीबीच समायोजन भएको छ । अब हामी संगठित रूपमा यहाँका नागरिकका समस्या समाधान गर्न सक्षम हुनेछौं ।' पार्टीका सहसंयोजक नेपालले पार्टीलाई जनताको आशा र भरोसाको केन्द्रका रूपमा स्थापित गर्नु अहिलेको प्रमुख चुनौती भएको बताए ।

यस्तै राष्ट्रिय मुक्ति पार्टी नेपाल (एकता पक्षधर) का वरिष्ठ उपाध्यक्ष सुमन सायमीले विचार, सिद्धान्त र जनताको दीर्घकालीन हितलाई केन्द्रमा राखेर नेपाली कम्युनिस्ट पार्टीमा प्रवेश गरेको बताए । उनले भावनात्मक निर्णय, भीडको दबाब वा क्षणिक स्टन्टभन्दा माथि उठेर आफूहरूले राजनीतिक निर्णय गरेको स्पष्ट पारे । 'हामी भावना, भीड वा स्टन्टका आधारमा होइन, विचार, सिद्धान्त र जनताको दीर्घकालीन हितका आधारमा यहाँ आएका हौं' उनको भनाइ थियो 'जनताको मुक्ति हाम्रो मूल चाहना हो र त्यो लक्ष्य नेपाली कम्युनिष्ट पार्टीमार्फत मात्रै पूरा हुन सक्छ भन्ने विश्वासका साथ हामी यो समायोजनमा सहभागी भएका हौं ।' कार्यक्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, नेता वामदेव गौतम, राजेन्द्र श्रेष्ठलगायत राजनीतिक दलका नेता, सामाजिक अभियन्ता तथा शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## दलहरू बलिया भए मात्र लोकतन्त्र सबल बन्छ : पोखरेल

**काठमाडौं ।** एमाले महासचिव शंकर पोखरेलले दलहरू बलिया भए मात्र लोकतन्त्र सबल बन्ने धारणा व्यक्त गरेका छन् । प्रेस चौतारी डाडले घोराहीमा बिहीबार आयोजित पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव पोखरेलले लोकतान्त्रिक पद्धतिलाई सबल बनाउन आवधिक निर्वाचन अपरिहार्य हुने बताएका हुन् ।

भदौ २३ र २४ को घटना असामान्य भएका टिप्पणी गर्दै उनले भने 'प्रहरी र अदालतमा आक्रमण हुनु सामान्य होइन, विखण्डनले राष्ट्र कमजोर बनाउँछ, एकताबाटै समृद्धितर्फ अघि बढ्न सकिन्छ ।' लोकतन्त्र, शान्तिसुरक्षा र कानुनी राज्यको रक्षाका निम्ति नेकपा एमाले गम्भीर रहेको बताए ।

'जेन-जी' प्रदर्शनका क्रममा लुटिएका हतियार र भागेका कैदीबारे छानबिन गर्नुपर्ने, राजनीतिक दलहरू जनताबीच निर्बाध रूपमा जान पाउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै उनले आफ्नो दल एमालेले १६५ सिटमा उम्मेदवारी दिने समेत बताए ।

## अत्यधिक चिसो कारण भन्सार कार्यालय तीन महिना बन्द

**काठमाडौं ।** हुम्लास्थित हिल्साको यारी नाका भन्सार कार्यालय तीन महिनाका लागि बन्द गरिएको छ । अत्यधिक जाडोका कारण हिल्सामा रहेको चीनको ताक्लाकोटबाट व्यापारी र अन्य सामग्रीको आयात रोकिएर कारोबार नभएपछि तीन महिनाका लागि भन्सार कार्यालय बन्द गरिएको हो । चीनको ताक्लाकोटबाट व्यापारी र सामानहरू आयात हुन छोडेपछि पुसको दोस्रो हप्ताबाट यारी नाका भन्सार कार्यालय बन्द गरेर कर्मचारी सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा आइपुगेका कार्यालयका प्रमुख रामराज जैसीले बताए ।

चीनको ताक्लकोटबाट सामानहरू आयात हुन छाडेपछि भन्सार विभागसँगको समन्वयमा कार्यालय बन्द गरेर आफूहरू जिल्ला सदरमुकाम सिमकोट फरेको उनले जानकारी दिए । यस वर्ष हिमपात नभए पनि नारा सडकखण्ड गएको गत कात्तिकमा परेको हिउँले बरफ जमेर सडक अवरुद्ध गरेपछि यातायात सेवा समेत बन्द भएको छ ।

प्रमुख जैसीका अनुसार चिसोका कारण चीनको ताक्लाकोटबाट सामानहरू आयात हुन समेत छोडेको हो । कारोबार नहुने भएपछि कर्मचारी हिल्सामा कार्यालय कुर्नुभन्दा सदरमुकाम सिमकोटको सम्पर्क कार्यालयमा फरेका छन् । चीन तर्फको नाकालाई खुल्लै राखेको भन्सार कार्यालयका प्रमुख जैसीले बताए ।

उनका अनुसार आगामी चैत दोस्रो हप्ता कर्मचारी यारी नाका भन्सार कार्यालयमा फिर्ता भएपछि पुनः नाका सञ्चालनमा आउने छ । गत साउन महिनायता यारी नाका भन्सार कार्यालयले १८ लाख ६५ हजार राजस्व असुली गरेर गत वर्षको भन्दा यस वर्ष कार्यालयले दोब्बर राजस्व उठाएको बताए ।

## मधेसमा हुस्सु–कुहिरो, पहाडमा आंशिक बादल

**काठमाडौं ।** हाल देशभर पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार तराई भूभागका केही स्थानमा लागेको हुस्सु-कुहिरो मध्याह्नसम्ममा क्रमिक रूपमा सुधार हुने सम्भावना छ ।

कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बादल लाग्ने तथा बाँकी भागमा मौसम मुख्यतया सफा रहनेछ । यस्तै तराई भागका केही स्थानमा हुस्सु रहने र कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बादल लाग्ने तथा बाँकी भागमा मौसम मुख्यतया सफा रहने समेत महाशाखाले उल्लेख गरेको छ ।

## खासा क्षेत्रको वनमा भीषण डढेलो, तातोपानी नाका बन्द

**सिन्धुपाल्चोक ।** चीनको न्यालम-खासा क्षेत्रको सीमावर्ती वनमा भीषण आगलागी भएपछि नेपाल-चीन उत्तरी व्यापारिक नाका तातोपानी आजदेखि पूर्ण रूपमा बन्द गरिएको छ ।

चिनियाँ प्रशासनले सुरक्षा जोखिम बढेको भन्दै नाकाबाट हुने सम्पूर्ण आवतजावतमा रोक लगाएको हो । इलाका प्रहरी कार्यालय कोदारीका प्रहरी निरीक्षक जगतबहादुर राईका अनुसार आइतबार राति न्यालम र खासाको मध्यभागसहित 'छोबिन' क्षेत्रमा सुरु भएको आगलागी हालसम्म नियन्त्रणमा नआएपछि नाका बन्द गर्ने निर्णय गरिएको जानकारी दिए ।

आगो फैलँदै गएपछि स्थानीय तथा पर्यटक आवतजावतसँगै मालबाहक सवारीसाधनको आवागमनसमेत बन्द गरिएको उनले बताए । प्रहरी निरीक्षक राईका अनुसार गत वर्षको बाढीले रसुवा नाका बन्द भएपछि चीनसँगको अधिकांश व्यापार तातोपानी नाकामार्फत हुँदै आएको छ । नाका बन्द भएपछि सामान बोकेका कन्टेनर रोकिएर समस्या भएको नेपाल ट्रक कन्टेनर मजदुर संघका अध्यक्ष अर्जुन सापकोटाले बताए ।

## जनआकांक्षा पूरा गर्न निर्वाचन सफल पारौं : राष्ट्रपति पौडेल

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले परिवर्तित सन्दर्भमा मुलुकलाई निकास दिन नयाँ पुस्ता मात्र नभएर सबै नेपालीको चाहनाअनुसार सुरक्षित भविष्यको आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल बनाउन अनुरोध गरेका छन् ।

बिहीबार बाग्लुङको बलेवास्थित त्रिभुवन माध्यमिक विद्यालय परिसरमा आयोजित विद्यालयको हीरक महोत्सवलाई सम्बोधन गर्दै शान्ति, सुशासन, विकास र समृद्धिको जनआकांक्षा पूरा गर्नुपर्ने दायित्वका लागि यो निर्वाचनलाई सफल पार्नुपर्ने बताएको उनको सचिवालयले जानकारी दिएको हो । 'हामीले ठूलो संघर्ष र बलिदानबाट प्राप्त गरेको संविधान र संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले शासनमा बसेकाहरूबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनचाहना पूरा हुनुपर्छ । यो हामीले बिर्सन हुन्न' राष्ट्रपति पौडेलले भने । जनताको हित र सेवालाई केन्द्रमा राखेर सुशासनको माध्यमबाट भ्रष्टाचार, ढिलासुस्ती, विकृतिको अन्त्य गरी विकासको गतिलाई तिव्रता दिनु आजको आवश्यकता भएको राष्ट्रपतिले परिवर्तित सन्दर्भमा नवपुस्ता र जनचाहनाअनुसार मुलुकलाई निकास दिने अहिलेको सर्वोत्तम उपाय निर्वाचन भएको बताए ।

'शिक्षा र रोजगारीका लागि युवा विदेश पलायन हुने समस्याले आज हामी सबैलाई चिन्तित तुल्याएको छ' उनको भनाइ थियो 'शिक्षामा लगानी बढाएर शिक्षा र रोजगारीको लागि विदेशीने चिन्ताजनक अवस्थाको अन्त्य गर्न स्वदेशमै रोजगारी, उत्पादन र उद्यमशीलताका नवीन आयामहरूको विकासमा जोड दिनु हामी सबैको दायित्व हो ।' राष्ट्रको भविष्य र राष्ट्र निर्माणको आधारशिला नै शिक्षा भएको र यसलाई सरकारले सधैं प्राथमिकता दिनुपर्नेमा जोड दिँदै राष्ट्रपति पौडेलले भने 'देश विकासको लागि कृषिलाई आधुनिकीकरण, व्यावसायिकीकरण र औद्योगिकीकरण गर्ने शिक्षा नै अहिलेको आवश्यकता हो । नवप्रवर्तन, अनुसन्धान र व्यावसायिक क्रियाकलापमार्फत शिक्षालाई उद्यमशीलतासँग जोड्दै जीवनोपयोगी बनाउनुपर्छ ।'

## आचारसंहिता कार्यान्वयनमा शून्य सहनशीलता : प्रमुख आयुक्त

**काठमाडौं ।** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारी गरेकाले कार्यान्वयनमा शून्य सहनशीलता अपनाइने बताएका छन् । मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका लागि सुरु भएको निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले आचारसंहितालाई कडाइका साथ पालना गराउनु पर्नेमा जोड दिए । राजनीतिक दलका उम्मेदवारले अरुले निर्वाचन आचारसंहिता उल्लंघन गरे भन्दै दोष देखाएर आफूले नै बढी आचारसंहिता पालना नगर्ने गरेकाले यसतर्फ मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यान जानुपर्ने बताए ।

आयोगका आयुक्तको संयोजकत्वमा रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले कडा रूपमा आचारसंहिता पालना गराउने भण्डारीले सुनाए । २०७९ सालभन्दा पहिले जस्तो आचारसंहिता उल्लंघनलाई छुट दिने खालको नभएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए । निर्वाचन आयोगका काँधमा निर्विकल्प रूपमा निर्वाचन गर्नुपर्ने दायित्व आएकाले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूको पनि सामूहिक दायित्व भएको पनि उनले बताए । निर्वाचन विथोल्ने व्यक्तिलाई छुट दिन नहुने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ । 'निर्वाचन पर्यवेक्षकले अनेक गतिविधि गर्लान्, त्यसको अनदेखा गर्ने छुट पनि हामीलाई छैन, विगतमा पर्यवेक्षण गर्नेले उम्मेद्वारका पक्षमा गतिविधि गर्न थालेपछि कारबाही गरेर पर्यवेक्षण अनुमति खारेज गरी देश निकाला गरिएको थियो, यसैले पर्यवेक्षकको पनि अनुगमन गर्नुहोला, निर्वाचन कानुन र आचारसंहिता विपरीतका काम गरे कारबाही गर्नुहोला, त्यसको जानकारी आयोगमा पनि पठाउनुहोला' कार्यवाहक प्रमुख आयुक्त भण्डारीको भनाइ थियो ।

गलत ढंगले कानुनको व्याख्या गर्ने, निर्वाचनको प्रक्रिया गलत गर्ने र कानुन उल्लंघन गर्नेलाई छुट दिनु नहुनेमा उनले जोड दिए । न्यायकर्मीले यसमा न्याय गर्नुहुन्छ भनेर नै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जानकारी गराए । उनले परेका उजुरीलाई मुख्य निर्वाचन अधिकृतले समयमै किनारा लगाउनुपर्ने बताए । भंग भएको अनुशासनलाई लयमा ल्याएर शान्ति स्थापनाका लागि निर्वाचन गर्नुपर्ने भएकाले त्यो दायित्व सबैले पूरा गर्नुपर्नेमा उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए । निर्वाचन आउने विषय पेचिला हुने गरेकाले त्यसलाई हेरेर मूल्यांकन गरेर काम गर्नुपर्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । सफल रूपमा निर्वाचन गर्ने विषयलाई निष्ठा बनाउन पनि उनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यानाकर्षण गराए ।

अहिले माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनको काम, प्रतिनिधिसभा समानुपातिकतर्फको बन्द सूचीबाट निर्वाचित हुने ११० र प्रत्यक्ष निर्वाचित १६५ सदस्यको काम पनि एक साथ भइरहेको आयोगले जनाएको छ । आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले दुई दिने अभिमुखीकरण कार्यक्रममा चार समूह बनाएर छलफल गरिने जानकारी गराए । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत गरी करिब १२० जनाको सहभागिता रहेको छ ।

आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं विश्वसनीय रूपमा निर्वाचन गराउन अभिमुखीकरण कार्यक्रमले सहयोग पुग्ने बताए । उनले निर्वाचनलाई थप व्यवस्थित, मर्यादित बनाउन सहयोग गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए । कार्यक्रमले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूमा समान बुझाइ हासिल हुने विश्वास गरिएको छ ।

## विविध कार्यक्रम गरी मनाइयो माघे संक्रान्ति पर्व

**काठमाडौं ।** छोरीचेलीसहित आफन्तजन भेटघाट गर्दै चिखडी, घ्यू, चाकु, तरुल, सेलरोटीलगायत मिस्ठान परिकारहरू खाएर दुःख-सुख एवं शुभकामना साटासाट गर्दै देशभर माघे संक्रान्ति पर्व मनाइएको छ ।

देशभरका प्रायः सबै जातजातिले उतिकै महत्वका साथ मनाउने माघे संक्रान्ति पर्वका मगर समुदायले आफ्नो सांस्कृतिक पर्व माघे संक्रान्तिको अवसरमा बिहीबार काठमाडौंको टुँडिखेलमा आयोजित विशेष सांस्कृतिक कार्यक्रममा गरी आपसमा शुभकामना आदान-प्रदान गरेका हुन् । नेपाल मगर संघ केन्द्रीय कार्यसमितिले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा मगर जातिको मौलिक संस्कृति झल्किने नाच, वेशभूषा, खानपान तथा परम्परागत खेलहरू प्रदर्शन गरिएको थियो । मगर जातिको राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको माघे संक्रान्ति आफ्नो पहिचान र परम्परालाई उजागर गर्ने पर्वका रूपमा लिने गरिन्छ ।

कार्यक्रममा संघका अध्यक्ष ज्ञानेन्द्र पुनमगरले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले माघे संक्रान्तिलाई राष्ट्रिय पर्वको रूपमा सार्वजनिक बिदा दिएपछि समावेशी लोकतन्त्रको केही अंश भए पनि प्रत्याभूत भएको बताए । यस पर्वले मगर जातिको पहिचान, सांस्कृतिक सहभागिता, सामाजिक सद्भाव तथा सामुदायिक मानवअधिकार प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको पनि उनले बताए । परम्परा अनुसार माघे संक्रान्ति पर्वका अवसरमा फलफूल र खिचडीले पूजाआजा गरी कुल पितृको सम्झना गर्दै छोरीचेलीलाई टीका टालो र मिष्ठान भोजन (खिचडी, घ्यू, तरुल, अदुवा, सेलरोटी, बारा/बटुक, गुड आदि) दान गरी विशेष सम्मान गर्ने चलन रहेको छ ।

माघे संक्रान्ति पर्वका अवसरमा बिहीबार बिहान रत्नपार्कस्थित शान्ति बाटिकाबाट टुँडिखेलसम्म मौलिक झाँकीसहितको र्‍याली गर्दै मगर समुदायले आयोजना गरेको सांस्कृतिक कार्यक्रमले उनीहरूको मौलिक पहिचान र सांस्कृतिक सम्पदालाई काठमाडौंमा उजागर गरेको सहभागीहरूले बताए ।

# जसपा र लिम्बूवान क्रान्तिकारी पार्टी नेकपामा समाहित

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीले जनता समाजवादी पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टीलाई पार्टीमा मिलाएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा शिवलाल थापा मगर संयोजकत्वको जनता समाजवादी पार्टी र मनिष लिम्बूको अध्यक्षतामा रहेको लिम्बूवान क्रान्तिकारी पार्टी नेकपामा समाहित भएको घोषणा गरिएको हो ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र लिम्बुवान क्रान्तिकारी पार्टीका अध्यक्ष लिम्बू र जनता समाजवादी पार्टीका उपाध्यक्ष मगरले एकतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए । एकता घोषणा कार्यक्रममा संजोजक दाहालले नेकपा मुलुकको पहिलो शक्ति बन्ने अभियानका साथ अघि बढिरहेको बताए । वामपन्थी शक्तिको एकताबाट मात्रै समाजवादको यात्रा अघि बढाउन सकिने उनको भनाइ थियो ।

सहसंयोजक नेपालले विगतका कमिकमजोरीलाई स्वीकार्दै जनआकांक्षालाई सर्वोपरी राखेर अघि बढ्ने संकल्प राखेकाले देशव्यापी रूपमा नेकपाको लहर चलेको बताए । 'यो पार्टीको इमान्दारिता, निष्ठा र समर्पणलाई विश्वास गरेर धेरैभन्दा धेरै जनसमुदाय नेकपाप्रति आकर्षित भइरहनुभएको छ' उनले भने ।

सहमतिपत्रमा भानिएको छ- 'नेपाली कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद वैज्ञानिक समाजवादलाई स्वीकार गर्दै लिम्बुवानको पहिचानको मुद्दालाई उठाइरहेको पार्टी लिम्बुवान क्रान्तिकारी पार्टीबीचमा दुई बुँदाहरूमा एकता गर्ने सहमति गरियो ।' लिम्बुवान पार्टीका सबै तहका समितिलाई सम्मानका साथ उपयुक्त ढंगले समायोजन गर्ने पनि सहमति भएको छ ।

# पार्टीलाई एकताबद्ध बनाउने प्रयास सफल हुन सकेन : डा. कोइराला

**काठमाडौं ।** नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीलाई एकताबद्ध राख्ने प्रयास सफल हुन नसकेको दुखेसो पोखेका छन् । बिहीबार एक विज्ञप्ति जारी गर्दै डा शेखर कोइरालाले कांग्रेसलाई एकताबद्ध राख्ने आफ्नो प्रयास सफल असफल भएको उल्लेख गर्दै यस घटनामा संलग्न हामी सबै चुकेको बताएका हुन् ।

डा कोइरालाले कांग्रेस एक भएर आसन्न निर्वाचनमा होमिनुपर्छ भन्ने सोचका साथ इमानदार प्रयास गरे पनि विभाजनबाट पार्टीलाई जोगाउन नसकेकामा दुःख व्यक्त गरेका छन् । आगामी दिनमा आफ्नोसामु आसन्न निर्वाचनमा जाने र आठ दशक लामो कांग्रेस इतिहासको गौरवलाई जोगाउने जिम्मेवारी रहेको उल्लेख गर्दै डा शेखरले अहिलेको विषम परिस्थितिमा पार्टीभित्र एकताको खाँचो रहेको उल्लेख गरे । विज्ञप्तिमा सुदृढ कांग्रेसका पक्षमा एक हुन अनुरोध गरेका उनले पार्टीभित्र गर्नुपर्ने सुधारका प्रक्रिया नरोकिने भन्दै सबैलाई आफ्नो घरमा फर्कन विज्ञप्तिमार्फत आह्वान गरिएको छ ।

यसअघि कांग्रेसलाई विभाजन कुनै हालतमा विभाजन हुन दिनुहुन्न भन्दै निरन्तर आफूनिकट पार्टीका पदाधिकारी, जिल्ला समिति र कानुन विज्ञ तथा सभापति, कार्यवहाक सभापति तथा महामन्त्रीहरूसँग छलफल गरिरहेको भन्दै पार्टी एकताबद्ध भएर जाने ढुक्क हुन भनेका थिए । ती छलफलमा पार्टी उपसभापति धनराज गुरुङ, सहमहामन्त्री बद्री पाण्डे र जीवन परियार, केन्द्रीय सदस्यहरू बलबहादुर केसी, डा मीनेन्द्र रिजाल, वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, योगेन्द्र अधिकारी, उपेन्द्रकेशरी न्यौपानेलगायतको सहभागिता रहेको थियो ।

# पाल्पा जाने भनेर केराबारी पुग्दा

**संस्मरण- अनुभूति**

**रवि पाण्डेय**

'पूर्व हल्ला, पश्चिम हमला'- यस्तै चर्चा थियो । ७ मङ्सिर, २०६२ को मिति हुनुपर्छ । त्यसबेला जनआन्दोलनको पृष्ठभूमि तयार गर्ने बेला पनि थियो । अघिल्लो दिन पाल्पा श्रीनगर जाने हो जानुपर्छ है भनेर जानकारी आएको थियो । स्ववियुको प्रतिनिधि समेत रहनुभएको मेरो सहकर्मी रमेश बस्याल (क.सुरज)ले क्याम्पसमा मलाई जानकारी पनि दिनुभएको थियो । उहाँ रूपन्देही तिर केही समय आन्दोलनमा समेत जोडिएर यता नवलपरासी आउनुभएको थियो । अघिल्लो पटक स्ववियुमा अखिलबाट निर्वाचित उहाँ आन्तरिक रूपमा अखिल(क्रान्तिकारी) मा आबद्ध हुनुहुन्थ्यो ।

हामी बिहानै क्याम्पसको दोस्रो पिरयड छोडेर पार्टी सम्पर्कमा गयौ । दुईवटा महिन्द्रा जीपमा मान्छेहरू खचाखच भरिए । जीपमा केही परिचित धेरै अपरिचित मान्छेहरू थिए । परिचय गर्ने चलन पनि थिएन । त्यहाँ आ-आफ्ना जिम्मेवारीहरू थिए । हामी चढेको जीपले त्यो गाउँ परिक्रमा गऱ्यो । तिलकपुरको मगरमुडा हुदै जीप हाईवे तर्फ पुग्यो । हामी पाल्पा भनेर निस्किएका मान्छेहरू त्यहाँबाट पश्चिम जानुपर्नेमा पूर्व तिर गाडी हुइँकियो । जीपमा एकजना महिला कमरेडहरूले ब्यवस्थापनको भूमिका गरिरहेको देखिन्थ्यो । धेरै पछि देखेकोले होला उहाँलाई मैले ठम्याउन सकेको थिईन् । उहाँ खीमा रिजाल (क.रिता) हुनुहुदों रहेछ । कपाल काटेको पाईन्ट र सर्ट लगाएको उहाँलाई मैले धेरै पटक देखेको पनि थिएँ । सहकार्य गर्ने मौका नमिले पनि उहाँ हाम्रो गाउँ ठाँउको एउटा योद्धा नै मानिनुहुन्थ्यो । रिता हामीले अध्ययन गरिरहेको दिब्यज्योति बहुमुखी क्याम्पसको स्ववियुमा निर्वाचित भएको पूर्व विद्यार्थी नेता समेत हुनुहुन्थ्यो । उहाँको सांगठनिक जिम्मेवारी नवलपरासी परेको रहेछ ।

जब दाउन्ने हुदै दुम्किवास पुगेर जीप उत्तर तर्फ लाग्यो । अलि पर झरेर खोला तरियो । त्यस पछि मैदानै मैदान जीप अझ उत्तर तर्फ दगुऱ्यो । मनोरम दृश्यहरू विस्तारै हट्दै गयो । सम्साँझै हामी हाम्रो प्रिय गाउँ सर्दी उपत्यका पुग्यौ । अझ चार घन्टा जति लाग्छ कमरेडहरू यस्तै भन्दै हुनुहुन्थो । गाउँघरमा पुगेर हामीले थोरै खाजा र पानी खायौं । अर्को टोली पनि आइसकेपछि हामी ८ बजे तिर त्यहाँबाट पैदल पूर्व तर्फ हानियौ । अगाडी रुट गाइड जिम्मा कमरेड प्रतिमाको थियो जस्तो लाग्छ मलाई । टोलीमा देखेजानेका तर नाम थाहा नभएका धेरै मान्छेहरू थिए । हाम्रो टोली परासी क्षेत्रको भएको हुदाँ अधिकाँश थारु तथा मधेशी मुलका साथीहरू सहभागी भएको म सम्झन्छु । धेरैका हातमा लाइटर थियो केहीको हातमा टर्चलाइट पनि थियो । टर्च बाल्ने अनुमति भने थिएनेूस ।

यो समयमा शाही नेपाली सेनाले अमेरिकी साम्राज्यवादको इशारामा नाइट भिजन हेलिकप्टर सहित सर्च अभियान जारी राखेर दमन गरिरहेको थियो । टर्च बालेपनि हत्केलाले छेकेर औलाबाट सानो उज्यालो हुने गरेर बाल्न पाइन्थो । मधेशमै जन्मे हुर्केको म जस्तै अरु सहयात्रीहरू पनि पहाडमा हिड्ने अभ्यास नभएकाहरू धेरै जना हुनुहुन्थ्यो । लाइनै हिडनुपर्दा हामीले बोकेका चामल, च्युरा, दालमोठ , तरकारी,फलफूल र मट्टीतेलका जरकिनले हामीलाई भारी भइरहेको थियो । मैले सायद च्युराको सानो बोरा बोकेको थिए । त्यतिकैमा मेरो चप्पल काठको छेस्कामा अल्झिएर म लड्न पुगे । तुनावाला चप्पल थियो । बाटोमा देब्रे साईड तर्फ ओरालो र दाहिने तर्फ केही समाउने सक्ने बुट्यान पनि थियो । अल्झिदाँ मेरो दाहिने खुट्टाको बुढीऔलामा चोट लागेछ । औलाको माँझबाट रगत बगिरहेको थियो । एक जना जेष्ठ कमरेड आएर मेरो खुट्टमा मट्टीतेल खन्याईदिनुभयो । उहाँ छेदी थारु हुनुहुदो रहेछ पछि थाहा भयो । यसपछि कसैले रुमाल दियो र त्यही रुमाल औलामा बाधेर मैले यात्रा जारी राखे । मेरो हातको बोरा पनि अर्कै कसैले बोक्यो । सामान्य घाइते भएको मैले बोरा बोक्नु परेन् ।

रात छिप्पिई सकेकोले होला जुनले बाटोका पात पतिङ्गर प्रष्ट देखिए पनि सुकेका पातले ढाकेको ढुंगाहरू भने देखिन्थेन । जुनेली रात नै भएर होला अबेर रातमा भने जुनको लालीले केही सहज बनाउदै गयो । अलि पर पुगेपछि ठूला ठूला ढुंगाले भरिएको खोला आइपुग्यो । माथि पहाड तिरबाट कसैले हेऱ्यो भने पनि जुनको उज्यालोले मान्छेहरू सायद देखिन्थ्यो । रातको बाह्र बजिसकेछ । भोकले लखतरान भएका हामीले च्युरा र चिनी भए पनि खाएर बाटो लाग्ने प्रस्ताव कमरेडहरूसँग गऱ्यौ । उहाँहरू मानिरहनुभएको थिएन । तर विद्यार्थीहरूले भनिसकेपछि उहाँहरूले अस्विकार गर्न सक्नुभएन । किनभने शहर बजारमा उहाँहरूलाई सेल्टर दिलाउने काममा हामी निकै अगाडी हुन्थ्यौ । सायद त्यही भएर वा अरु कुनै कारणले हो अग्रजहरूले हामीलाई निकै मान्दथे । हामीले ठूलो ढुंगामा रुमालमा राखेर च्युरा, चिनी, दालमोठ, भुजा खायौ । कमरेड छेदी थारु र अर्को एकजना अग्रज कमरेड लगायतले 'भोक मिठो की भोजन' भन्ने उक्ति सुनाएर निकै हसाउनुभयो । हसाउने अर्को कमरेड बृजदेव पाण्डे हुनुहुदो रहेछ । उहाँहरू दुवैजना पार्टीको सल्लाहकार हुनुहुदो रहेछ मैले अर्को दिन मात्र थाहा पाए ।

हाम्रो कार्यक्रमस्थलको सुरक्षार्थ जनसेनाका कमरेडहरू हुनुहुन्थ्यो । खाना खाएर हामी पुरुष लेखिएको सेल्टर तर्फ गयौ । विद्यार्थी सँगठनको भएर होला हामीले भने सुरक्षार्थ सेन्ट्री बस्नु परेन् । जुनेलो र मकैको पोस्करको सिरानी र कम्मल ओडेर साढे दुई बजे हामी सुत्यौ । साढे पाँच बजे उठ्नुपर्ने समय तालिका थियो ।

मंसिरे जाडो । मधेश तिर कुहिरो लाग्दथ्यो । त्यो राकाँचुलीको केरावारी हाम्रो लागि निकै नौलो र रमणीय थियो । त्यहाँबाट उत्तरमा पाल्पा पर्दथ्यो । कार्यक्रमस्थलमा महिला र पुरुषका लागि छुटाछुट्टै चर्पी थियो । खाना खाएर कार्यक्रम शुरु हुने जानकारी दिइएको थियो । ठूलो देप्चीमा कालो चिया पाकिरहेको थियो । हामीले चिया पियौं । हामीले लाइनमा बसेर खाना खायौ । अनि, पाल टाँगेर बनाइएको वरिपरिबाट स्याउलाले बारेको हलभित्र राता झण्डा र ब्यानरले साजसज्जा गरिएको सानदार हलमा विचार सुन्न प्रवेश गऱ्यौं ।



## कांग्रेस सभापतिमा...

महाधिवेशन गर्दा पार्टी फुट्यो भन्ने प्रश्नै नउठ्ने थापाले दावी गरे ।

**देउवा पक्ष रोक्न गगन-विश्व पक्षद्वारा आयोगमा खबरदारी**

शेरबहादुर देउवा पक्ष (तत्कालीन संस्थापन) ले निर्वाचन आयोगमा आधिकारिकताको दाबी गरेपछि विशेष महाधिवेशनबाट निर्वाचित गगन पक्षले कडा आपत्ति जनाएको छ । नवनिर्वाचित महामन्त्री गुरुराज घिमिरेमार्फत सातबुँदे ध्यानाकर्षण सार्वजनिक गर्दै सो पक्षले औपचारिक रूपमै असहमति व्यक्त गरेको हो ।

आफूहरू नै आधिकारिक र संस्थापन पक्ष भएको दावी गर्दै देउवा समूह आयोग पुगेकामा आपत्ति जनाउँदै तत्कालीन केन्द्रीय कार्यसमितिले आफ्नो संवैधानिक जिम्मेवारी पूरा नगरेको घिमिरेले आरोप लगाए । विशेष महाधिवेशनको वैधानिक मागलाई बेवास्ता गर्दै चार महिनापछि मात्रै नियमित महाधिवेशनको मिति घोषणा गर्नु प्रक्रियागत रूपमै गलत भएको घिमिरेले दावी गरे ।

थापा समूहका महामन्त्री घिमिरेले ध्यानाकर्षण पत्रमा तत्कालीन कार्यवाहक सभापतिले स्वयं उपस्थित भएर विशेष महाधिवेशनको मागपत्र बुझिसकेपछि पनि त्यसबारे 'हल्ला मात्र सुनेको' भन्ने अभिव्यक्ति दिएकोप्रति गम्भीर प्रश्न उठाएका छन् । देउवा पक्षको उक्त भनाइ लोकतान्त्रिक अभ्यास र आन्तरिक पार्टी प्रक्रियासँग मेल नखाने टिप्पणी गर्दै थापा पक्षले विशेष महाधिवेशन पार्टीको विधानअनुसार सम्पन्न भएको र त्यसबाट निर्वाचित नेतृत्वलाई अस्वीकार गर्ने कुनै आधार नरहेको जिकिर गरेको छ ।

नेपाली कांग्रेसका तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले निर्वाचन आयोगमा पुगेर उठाएका केही विषयप्रति आफूहरूको गम्भीर ध्यानाकर्षण भएको थापा समूहका महामन्त्री घिमिरेले उल्लेख गरे । तत्कालीन कावा सभापतिले आयोग पुगेर उठाएका केही विषयप्रति थापा पक्षले आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै जारी गरेको सात बुँदे ध्यानाकर्षण यस्तो छ :-

१. नेपाली कांग्रेसको ऐतिहासिक विशेष महाधिवेशन सम्पन्न भई केन्द्रीय कार्यसमितिको गठन समेत भइसकेर आवश्यक सम्पूर्ण दस्तावेजहरू निर्वाचन आयोगमा पुगिसकेको पृष्ठभूमिमा केही महाधिवेशन प्रतिनिधिको संख्याको फिर्ताको प्रसंग तर्कहीन छ ।
२. महाधिवेशन प्रतिनिधिहरू विशेष महाधिवेशनमा सहभागी भएर मतदान वा सर्वसम्मत रूपमा नेतृत्व चयन समेत भइसकेपछि यो विषय उठाउनु केवल 'राजनीतिक प्रपोगान्डा' मात्र हो ।
३. तत्कालीन केन्द्रीत कार्यसमितिले आफ्नो वैधानिक दायित्वबाट पन्छिएर विशेष महाधिवेशनको मागलाई ३ महिनासम्म छलफलको विषय नबनाउने र विशेष महाधिवेशन नै औचित्यपूर्ण छैन भनी तत्कालीन कार्यसम्पदान समितिले निर्णय गर्ने, नियमित महाधिवेशनको कार्यतालिकाको पालना नगर्ने, क्रियाशील नवीकरण, वितरणको कार्य सम्पन्न समेत नगरीकन विनासूचना वडा अधिवेशन रोक्ने, त्यसको दुई दिनपछि तत्कालीन कार्यसम्पादन समितिको बैठक राखेर ४ महिनापछि नियमित महाधि-वेशनको मिति घोषणा गर्नु विधिसम्मत देखिँदैन । तत्कालीन केन्द्रीय समिति आफैं तत्कालीन कार्यतालिकाको उल्लंघनकर्ता हो ।
४. तत्कालीन केन्द्रीय समितिले आफ्नो म्याद माघ मसान्तसम्म मात्र बढाएको, तर कार्यसम्पादन समितिले म्याद गुज्रिएको तीन महिनापछिको मिति राखेर नियमित महाधिवेशनको मिति तोक्नु सरासर अवैधानिक कार्य हो ।
५. विशेष महाधिवेशन आयोजनाका लागि निवेदनमा हस्ताक्षर गरेका सम्पूर्ण प्रतिनिधिमध्ये जम्मा दुई जना महाधिवेशन सदस्यले मात्र फिर्ता लिएको अभिलेख सचिवालयमा छ ।
६. आफैं उपस्थित भएर विशेष महाधिवेशनको मागपत्र बुझ्ने तत्कालीन कार्यवाहक सभापतिले विशेष महाधिवेशनबारे हल्ला मात्रै सुनेको भन्नु उदेकलाग्दो देखिन्छ ।
७. विशेष महाधिवेशनको माग गर्दा २ हजार ४ सय ८८ जना महाधिवेशन सदस्यको संख्या रहेको, जुन सम्पूर्ण सदस्य संख्या ४ हजार ६ सय ३५ को ५४.५८५ रहेकोमा महाधिवेशनमा सहभागी संख्या २ हजार ६ सय ५२ अर्थात ५७.२१५ रहेको जानकारी गराइन्छ । केन्द्रीय कार्यालयबाट प्रवक्ता मार्फत् अफिसियल धारणा आउँदै छ । जय नेपाल !

## चुनावी मैदानमा...

उन्मुक्ति पाएका चौधरी यतिबेला उम्मेदवार बनेका छन् । निर्वाचन आयोगमा चौधरी उम्मेदवारीविरुद्ध उजुरी समेत परेको छ । सो उजुरीविरुद्ध निर्वाचन आयोगले छिट्टै निर्णय लिनेछ । विद्यमान कानुन अनुसार फौजदारी कसुरमा सजाय पाएका व्यक्तिको हकमा उम्मेदवार हुन रोक लगाइएको छ । मुद्दा दर्ता हुँदैमा र अन्तिम फैसला नहुँदै चुनावमा उम्मेदवार हुन विद्यमान कानुनले रोकेको छैन । संगठित अपराधसम्बन्धी कसुरमा कैद सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा २० वर्षभन्दा कम कैद सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले ६ वर्ष पूरा नभएको व्यक्ति मात्र विद्यमान कानुन अनुसार उम्मेदवार हुन पाउँदैनन् ।

उता पतञ्जलि जग्गा हिनामिना प्रकरणमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेको अवस्थामा नेकपाका सहसंयोजक माधवकुमार नेपाल रौतहट-१ बाट चुनावी मैदानमा उभिएका छन् । नेपालविरुद्ध १९ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो जरिवाना र सजाय मागदावी सहित भ्रष्टाचार मुद्दा दायर भएको थियो भने विशेष अदालतले भ्रष्टाचार मुद्दामा नेपालसँग ३५ लाख धरौटी माग्ने आदेश गरेको थियो । भ्रष्टाचार मुद्दा दर्ता भएसँगै निलम्बनमा परेका नेपाल विजयी भए पनि संसद छिर्ने ढोका भने खुल्ने छैन । आफ्नो क्षेत्रमा सुशासन र भ्रष्टाचारविरुद्ध अभियानको नारा लिएर चुनावमा होमिरहेका उनलाई रौतहटका जनताले प्रश्न गर्ने ठाउँ समेत पाएका छन् ।

उता सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले चितवन-२ बाट उम्मेदवारी दर्ता गराएका छन् । संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता भएसँगै यसअघि सांसद पद निलम्बनमा परेका लामिछाने सोको छिनोफानो भइनसकेकै अवस्थामा पुन चितवनबाटै चुनाव जित्ने दौडमा लागेका छन् । मनोनयन दर्ता भएकै दिन लामिछानेमाथि पर्साको सानो पाइला सहकारी ठगी मुद्दामा १ करोड धरौटी बुझाएर छुटेका पात्र हुन् ।

लामिछानेमाथि अहिले पनि काठमाडौंको स्वर्णलक्ष्मी सहकारी, पोखराको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, पर्साको सानो पाइला सहकारी र चितवनको सहारा चितवन सहकारीको रकम अपचलन गरेको आरोपमा परेको मुद्दा अदालतमा विचाराधीन अवस्थामै रहेको छ । विगतमा गृहमन्त्री समेत बनेका लामिछानेले महान्यायाधिवक्ता कार्यालयलाई निवेदन दिएका थिए । महान्यायाधिवक्ता कार्यालयले लामिछानेको निवेदन सुनुवाइ गर्दै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने निर्णय गरेको थियो । सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा भने सरकारले संशोधनमार्फत फिर्ता लिएको हो ।

उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतले महान्यायाधिवक्ता कार्यालयसँग १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश जारी गरिसकेको छ । अदालतले लामिछानेको दुइटा अभियोग फिर्ता लिन अनुमति नदिएको खण्डमा उनी निर्वाचित भएहाले पनि संसद छिर्ने ढोका खुल्ने छैन् । सम्पत्ति शुद्धीकरण ऐनको दफा २७ मा मुद्दा दर्ता भएपछि स्वतः निलम्बन हुने व्यवस्था छ । सोही व्यवस्थाका कारण सांसदहरूको पद निलम्बनमा परेको थियो । 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर र मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बन भएको मानिएको छ' उल्लेख गरिएको छ ।

उता नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री टेकबहादुर गुरुङ भृकुटीमण्डपस्थित फनपार्कको जग्गा सस्तोमा भाडामा दिएर भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट दोषी करार भएर सांसद पद निलम्बन परेका पात्र हुन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनीसहितका व्यक्तिविरुद्ध २०७५ माघ २१ गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले १६ फागुन २०७० मा गुरुङलाई दोषी ठहर गर्दा १ करोड २१ लाख ८४ हजार गरी सोही बराबरको जरिवाना भएको थियो । मनाङबाट चुनाव उठेर विजयी बनेका उनले पद निलम्बनविरुद्ध सर्वोच्च पुनरावेदन दिएका थिए र पछि सर्वोच्चले नै निलम्बन फुकुवा गरे पनि मुद्दा भने अहिलेसम्म सर्वोच्च विचाराधीन अवस्थामा रहेको छ । यस्तैमा गुरुङलाई नेपाली कांग्रेसले सुनसरी-३ बाट उम्मेदवार बनाएको छ ।

यस्तै ललिता निवास जग्गा हिनामिना प्रकरणमा मुछिएका नेता तथा पूर्वमन्त्री विजयकुमार गच्छेदारलाई समेत उम्मेदवार बनाएको छ । गच्छदारमाथि विशेष अदालत काठमाडौंले भ्रष्टाचार मुद्दामा सफाइ दिए पनि अख्तियारले त्यसविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । मुद्दा विचाराधीन रहेको अवस्थामा गच्छदारले उम्मेदवारी दिएका छन् ।

ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा सट्टापट्टा गर्न दिनुपर्ने भनी तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री गच्छदारले मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए । भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट अघि बढ्नुपर्ने जग्गासम्बन्धी विषय भौतिक योजना तथा निर्माण मन्त्रालयले अघि बढाएकोमा अख्तियारले प्रश्न उठाएको थियो ।

प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को दफा १३ मा उम्मेदवारीका लागि 'भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखच तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा २० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति समेत अयोग्य हुने' भनी कानुनी व्यवस्था गरेको छ ।


## मतदान गर्ने अधिकारको प्रयोग गरौं !

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दूरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कमजोरी सुधार्दै मुलुकको समृद्धिका लागि एकाकार हुनुपर्छ : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुख्य राजनीतिक दलहरूले आफ्ना कमीकमजारी सुधार गर्दै देशको समृद्धिका लागि एकाकार भएर लाग्नुपर्ने बताएका छन् ।

पार्टी कार्यालय पेरिसडाँडामा आयोजित केन्द्रीय सदस्यको शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै उनले राष्ट्रलाई थप एकताबद्ध, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नयाँ संकल्पसहित पहलकदमी लिनुपर्ने आवश्यकतातर्फ औंल्याए । संयोजक दाहालले सबै प्रमुख राजनीतिक दलहरूले आत्मसमीक्षा गरेर विगतमा आफ्ना कमजोरीको मूल्यांकन गर्न जरुरी रहेकामा जोड दिए ।

'सबै ठिकै चलिरहेको छ भन्नेगरी परम्परागत तरिकाले मात्रै देशमा उत्पन्न परिस्थितिको सामना गर्न सकिँदैन । राष्ट्र जुन असाधारण संकटको अवस्थाबाट गुज्रेको छ' संयोजक दाहालले थपे 'यसलाई थप एकताबद्ध, राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नितान्त नयाँ संकल्पसहित पहलकदमी लिन जरूरी छ भन्ने निष्कर्षका साथ हामीले पार्टी एकता प्रक्रियालाई अगाडि बढाएका छौं ।'

संयोजक दाहालले देशमा उत्पन्न असाधारण परिस्थितिको सामना गर्नका लागि नेपालको इतिहासमा पहिलोपटक एकैसाथ २० वटा कम्युनिस्ट र समाजवादी घटकलाई एकताबद्ध गर्न सफल भइएको उल्लेख गरे ।

'पार्टी एकताको प्रक्रिया दिनप्रतिदिन झन शक्तिका साथ अगाडि बढिरहेको छ । खाली घटक संगठन मात्रै होइन देशलाई माया गर्ने थुप्रै व्यक्ति व्यक्तित्वहरू पनि जोडिरहेका छन्' उनले भने 'अब एकताको उद्देश्य र 'जेन-जी' पुस्ताले अगाडि सारेको सुशासन कायम गर्दै भ्रष्टाचारमुक्त देश बनाउन सबै प्रतिबद्ध भएर लाग्ने छौं ।'

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं